जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक २८५ • २०८० साल फाल्गुन २९ गते मंगलबार (12 March, Tuesday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

# कांग्रेसका प्रदेश प्रमुखहरु बर्खास्त
## एमालेका सिफारिस

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको कोटाबाट प्रदेश प्रमुख बनेका सबैलाई सरकारले हटाएको छ ।मन्त्रिपरिषदको सोमवार बसेको बैठकले गण्डकी प्रदेश, मधेस प्रदेश र सुदूरपश्चिम प्रदेशका प्रदेश प्रमुखलाई हटाउने निर्णय गरेको सरकारको प्रवक्ता समेत रहेकी सूचना तथा प्रविधि मन्त्री रेखा शर्माले जनाएकी छन् ।

तीनवटै प्रदेशमा गत वर्ष कांग्रेसबाट प्रदेश प्रमुख नियुक्त भएका थिए ।सरकारले हटाएका प्रदेश प्रमुखहरु मध्ये गण्डकी प्रदेशका पृथ्वीमान गुरुंग, मधेश प्रदेशमा हरीशंकर मिश्र र सुदुरपश्चिम प्रदेशमा देवराज जोशी थिए ।



सरकारले नयाँ प्रदेश प्रमुखका लागि नेकपा एमालेका तीनजनालाई सिफारिस गरेको छ ।सिफारिस भएकाहरु मध्ये मधेसमा सुमित्रा भण्डारी, गण्डकीमा डिल्लीराज भट्ट र सुदूरपश्चिममा नजिर मियाँ रहेका छन् ।

सरकारले सिफारिस गरेका व्यक्तिहरुलाई नै राष्ट्रपतिले प्रदेश प्रमुखमा नियुक्त गर्ने संवैधानिक व्यवस्था छ । संघीय सरकार प्रदेश सरकारबीच बदलिंदो परिवेशमा कामगर्न सहज बनाउन प्रदेश प्रमुखहरुलाई हटाएर नयाँ सिफारिस गरेको मन्त्री शर्माले बताइन् ।

मधेश प्रदेशमा जनता समाजवादी पार्टी(जसपा)को सरकार छ ।अब प्रदेश प्रमुख एमालेको रहने छ ।जसपाको कोटाबाट कोशीमा प्रदेश प्रमुख रहेका छन् ।त्यहाँ नेपाली कांग्रेसका केदार कार्की मुख्यमन्त्री छन् ।एमालेले कार्कीलाई हटाएर मुख्यमन्त्री बन्ने हतारमा रहेपनि संवैधानिक जटिलताको कारण प्रदेश प्रमुखको भूमिका विवाष्पद हुन सक्ने बताइन्छ ।

बर्खास्त भएका प्रदेश प्रमुखहरुले मंगलवार निवास छाडने बताइएको छ ।प्रदेश प्रमुखको कार्यकारी कुनै अधिकार नभएपनि संघीय र प्रदेश सरकारलाई सहयोग र असहयोग गर्ने भूमिकामा भने रहेका गरेका छन् ।

पछिल्लो समयमा संघीय सत्ता गठबन्धनमा फेरबदलसँगै प्रदेश प्रमुखहरु बर्खास्त हुने क्रम बढेको छ ।

त्यसैगरी सरकारले मन्त्रिपरिषद्का समितिहरु गठन गरी समितिको समन्वय गर्न संयोजक तोकेको छ । राजनीतिक समितिको संयोजकमा प्रधानमन्त्री, आर्थिक पूर्वाधार समितिको संयोजकमा उपप्रधानमन्त्री तथा भौतिक पूर्वाधार र यातायातमन्त्री, विधेयक समितिको संयोजकमा उपप्रधानमन्त्री तथा गृहमन्त्री, प्रशासन समितिको संयोजकमा उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री र सामाजिक समितिको संयोजकमा उपप्रधानमन्त्री तथा स्वास्थ्य र जनसंख्यामन्त्रीलाई तोकिएको छ ।

## सत्ता गठबन्धनमा खटपट सुरु
# लिखित सम्झौता गर्न नेकपा एसको माग, मुख्यमन्त्रीमा दावी

**टुडे समाचारदाता**

काठमाण्डु ।सत्तारुढ गठबन्धनमा खटपट सुरु भएको छ।नेकपा एकिकृत समाजवादी(एस)को सोमवार बसेको संसदीय दलको बैठकमा प्रधानमन्त्रीसँग लिखित सम्झौता हुनुपर्ने माग गरिएको छ ।

दलको सहमति विपरित अध्यक्ष माधव कुमार नेपाल, उपाध्यक्ष प्रमेश हमाल र महासचिव घनश्याम भुसालले मन्त्रीको नाम सिफारिस गरेको आरोप लगाइएको छ ।

बैठकमा सांसदहरुबीच चर्काचर्की भएको सहभागि एकजना सदस्यले बताए ।'पावर शेयरिंग' र प्रदेशको विषयमा प्रष्ट लिखित सम्झौता हुनुपर्ने माग असन्तुष्ट सांसदहरुले राखेको बताइएको छ ।बैठकमा अधिकांश सांसदहरुले प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड' भरपर्दो नभएकाले लिखित सम्झौता भए मात्र राष्ट्रिय सभाको चुनाव र प्रतिनिधि सभामा विश्वासको मत दिने अडान लिएका छन् ।

'प्रधानमन्त्री प्रचण्डले लिखित सम्झौता नगरे सम्म राष्ट्रिय सभामा उनको पक्षमा मतदान गर्न सकिदैन् 'एकजना सांसदले भने, प्रधानमन्त्री प्रचण्डले लिने विश्वासको मतपनि दिन सकिदैन् ।

राष्ट्रिय सभा अध्यक्ष पदका लागि मंगलवार चुनाव हुने छ ।

संघीय संसद्को निर्वाचन कार्यतालिका अनुसार सोमबार संसद भवन नयाँ बानेश्वरमा नेपाली कांग्रेसका युवराज शर्मा र माओवादी केन्द्रका नारायण दाहालले अध्यक्ष पदमा उम्मेदवारी दर्ता गरेका हुन् । दाहाल प्रधानमन्त्री प्रचण्डका आफ्नै सहोदर भाई हुन् ।राष्ट्रिय सभामा उनको अब ४ वर्ष मात्र कार्यकाल बांकी रहेको छ ।



नेकपा एसको संसदीय दलको बैठकमा राष्ट्रिय सभामा समेत मतदान नगर्ने धम्की दिएपनि दाहालको समर्थकमा एसबाट बेनुपराज भुषालले हस्ताक्षर गरेका छन् ।

नेकपा एसका अध्यक्ष नेपालले प्रधानमन्त्रीमा प्रचण्डलाई समर्थन नगरेको भए सरकारले विश्वासको मत प्राप्त गर्न सक्ने अवस्था थिएन् ।सत्ता गठबन्धन इतरका दलहरुले नेपाललाई प्रधानमन्त्री बनाएर नै अर्को गठबन्धन गर्ने विश्वास दिलाएका थिए ।

तर वरिष्ठ नेता झलनाथ खनाल र महासचिव घनश्याम भुषालको अडानले अध्यक्ष नेपाल माओवादी, एमाले गठबन्धनलाई सहयोग गर्न बाध्य भए ।नेकपा एस राष्ट्रिय दल नभएकाले मन्त्रीको प्रलोभनमा केहि सांसद एमाले, माओवादी गठबन्धन तर्फ लाग्ने आकलन अध्यक्ष नेपालको रहेको छ ।

पुरानो गठबन्धन नभत्किएको भए नेपाल अर्को वर्षको पुस महिनामा एक वर्षका लागि देशको प्रधानमन्त्री हुने अवसर प्राप्त गर्ने थिए ।कांग्रेस सहितको गठबन्धनमा पहिलो दुई वर्ष प्रचण्ड, बीचको एक वर्ष नेपाल र अन्तिमको दुई वर्ष कांग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बन्ने सहमति भएको थियो ।

उच्चस्रोतहरुका अनुसार हालको सहमतिमा नेपाललाई त्यो अवसर जुरेको छैन् ।अबको बांकी अवधीमा दुई वर्ष फेरी प्रचण्ड निरन्तर र अन्तिमको दुई वर्ष एमालेले प्रधानमन्त्री पाउने सहमति भएको छ ।

पुरानो गठबन्धन भन्दा नयाँ गठबन्धनमा एसले गुमाएको मात्र आरोप सांसदहरुले अध्यक्षमाथि लगाएका छन् ।प्रधानमन्त्रीमा निरन्तरता पाउन प्रचण्डले मात्र गठबन्धन भत्काएको उनीहरुको आरोप छ ।

बैठकबाटै अध्यक्ष नेपालले प्रधानमन्त्री प्रचण्डसँग संवादगरि सांसदहरुको मागबारे बताएका थिए ।प्रधानमन्त्रीले विश्वासको मतपछि मात्र 'पावर शेयरिंग' र प्रदेशको विषयमा छलफल हुने बताएको एकजना सांसदले जनाए ।

गठबन्धन भत्काउन चलखेल भइरहेको बेला नेकपा एसको संसदीय दलमा सरकारप्रति देखिएको असन्तुष्टिले प्रधानमन्त्री जोखिममुक्त नरहेको संकेत गरेको छ ।

चारवटा प्रदेशमा हाल कांग्रेसको नेतृत्व छ ।दुईवटा प्रदेशमा माओवादी र एउटा प्रदेशमा जनता समाजवादी पार्टी(जसपा)को सरकार छ ।

बागमती र लुम्बिनी प्रदेशमा सत्ता गठबन्धनलाई सरकार बनाउन कठिन छ ।सत्ता इतर गठबन्धनसितपनि बहुमत पुग्ने अवस्था छैन् ।कोसी प्रदेशमा कांग्रेसका मुख्यमन्त्री केदार कार्कीले राजिनामा नगर्दा संवैधानिक जटिलता आउने बताइन्छ ।

कुनैपनि प्रदेशमा नेकपा एसले मुख्यमन्त्री पाउने संभावना छैन् ।प्रधानमन्त्रीको विषयमा छलफल समेत नभएकाले एसका सांसदहरु ठगिएको महसुस गरिरहेका छन् ।गठबन्धन भत्किदा जसपाका अध्यक्ष उपेन्द्र यादवलाई राखिएपनि एसका अध्यक्ष नेपाललाई सुइक्को समेत दिएको थिएन् ।







# लिफ्टसहितको अपाङ्गतामैत्री आकाशे पुलको शिलान्यास

**टुडे समाचारदाता**

पाटन । ललितपुर महानगरको वडा नं १३ कुसुन्तीको चक्रपथमा लिफ्टसहितको अपाङ्गतामैत्री आकाशे पुलको शिलान्यास भएको छ। एकान्तकुना यातायात कार्यालयबाट सातदोबाटोतर्फ करिब पाँच मिटरको दूरीमा बन्न लागेको यो आकाशे पुलमा सडकको दुवैतर्फ लिफ्ट हुनेछ। ललितपुर महानगरपालिकाको रु



चार करोड ६८ लाख नौ हजार पाँच सय ६१ को लागतमा निर्माण सम्पन्न हुनेछ।

एक वर्षभित्र निर्माण सम्पन्न हुने उक्त अपाङ्गमैत्री आकाशे पुलको महानगर प्रमुख चिरीबाबु महर्जनले सोमबार विशेष पूजासहित शिलान्यास गर्नुभएको हो।

आकाशे पुल निर्माणका लागि निर्माण व्यवसायी लामा/ प्रगति /मणि /बुद्ध जेभीले महानगरसँग फागुन २० गते सम्झौता गरी २१ गतेदेखि १२ महिनाभित्र काम सम्पन्न गर्नेगरी ठेक्कामा लिएको महानगरका वरिष्ठ डिभीजनल इञ्जिनीयर प्रदीप पौडेलले राससलाई जानकारी दिनुभयो।

यो आयोजनाको परामर्शदाता डिबी मल्टी इञ्जिनियरिङ प्राइभेट लिमिटेड रहेको छ। पुलको पाँच वर्षसम्मको मर्मतसम्भार निर्माण व्यवसायीले नै गर्नु पर्नेछ।

शिलान्यास कार्यक्रमलाई सम्बोधन गदै महानगर प्रमुख महर्जनले महानगरपालिकाले नयाँ नौलो काम गर्न रुचाउने बताउदै यो सम्भवतः नेपालमै पहिलो भएको बताए। "यो क्षेत्रमा दुर्घटना भएर १७ जनाभन्दा बढीले ज्यान गुमाइसकेका छन्। महानगरवासीलाई बचाउनका लागि यो काम गर्न धेरै मेहनत गर्नुपर्‍यो।

अब पुल निर्माणका क्रममा कुनै पनि तहबाट बाधा व्यवधान हुँदैन भन्ने प्रतिबद्धता जनाउँछौं। निर्माण व्यवसायी, परामर्शदाताबाट पनि यो काममा कुनै विलम्ब नहोस्", प्रमुख महर्जनले भने।

उनले कुनै पनि आयोजना समयमा सम्पन्न नहुने गरेका कारण नेपालमा ठेकेदारप्रति नकारात्मक धारणा रहेको भन्दै त्यस्तो यहाँ नहोस् भने।

उनले आयोजना निर्माणमा सुरक्षा पहिलो प्राथमिकता भन्ने सिद्धान्तमा आधारित रहेर काम गर्न आग्रह गरे। प्रमुख महर्जनले आयोजना निर्माणका क्रममा गुणस्तरमा कुनै हालतमा पनि सम्झौता हुनुहुँदैन भन्दै यसका लागि निर्माण कम्पनी, परामर्शदाता र यसमा संलग्न इञ्जिनीयरले ध्यान दिने विश्वास व्यक्त गरे।

उनले निर्माणका क्रममा आइपर्ने समस्या समाधान गर्न स्थानीयको सहयोग अपरिहार्य छ भन्दै निर्माणका क्रममा सहजीकरणका लागि आग्रह गरे। ललितपुर खण्डमा पर्ने चक्रपथको सात दशमलव नौ किमी सडकमा स्मार्ट स्याटेलाइट जडानका लागि ठेक्का आह्वान भई छनोटको चरणमा रहेको बताउँदै महानगर प्रमुख महर्जनले एक वर्षभित्र जडान सम्मान हुने बताए।

वडा नं १३ का अध्यक्ष गणेश केसीले चार वर्षको प्रयासपछि यो पुल निर्माणका लागि सडक विभागबाट भदौ ११ गते स्वीकृत पाएको बताउँदै यो क्षेत्रमा हुने सडक दुर्घटनाको जोखिम रोक्न लगातार काम गरेर समयअगावै सम्पन्न गर्न आग्रह गरे।

परामर्शदाता डिबी मल्टी इञ्जिनियरिङ प्राइभेट लिमिटेडका प्रतिनिधि तथा आयोजनाका डिजाइनर विनोद न्यौपानेले सहरलाई सौन्दर्यीकरण हुनेगरी पुलको डिजाइन गरिएको बताए।

निर्माण व्यवसायी लामा प्रगति-मणि बुद्ध जेभी सञ्चालक चन्द्रबहादुर लामाले निर्माण व्यवसायीले चाहेरभन्दा पनि स्थानीयको समन्वय र सहकार्यका कारण निर्माण सम्पन्न छिटो हुने बताए। उनले परामर्शदाताकोतर्फबाट कुनै परिवर्तन भएन र स्थानीयकोतर्फबाट कुनै बाधा अवरोध भएन भने समयभित्रै काम सम्पन्न हुन्छ भन्ने प्रतिबद्धता व्यक्त गरे।

महानगरले बजेटको अभाव नहुने गरी सम्झौताअनुसारको रकम समयमा नै उपलब्ध गरायो भने गुणस्तरमा सम्झौता नगरी निर्माण सम्पन्न गरेर आयोजना हस्तान्तरण गर्ने उनले बताए।

# मुलुकमै बारा जिल्लाको अह्म भूमिका

**टुडे समाचारदाता**



बारा । वर्तमान सरकारमा बारा जिल्लाको अह्म भूमिका देखिएको छ।

राज्य सत्तामा पहुँच र प्रभावको हिसाबले बारा अहिले निकै सशक्त र शक्तिशालीसमेत देएिको छ। बाराले देशको उपराष्ट्रपति, उपप्रधानमन्त्री, संघीय मन्त्री र मुख्यमन्त्री पाएको छ।

बारा जिल्लाकै वासी उपराष्ट्रपति रामसहाय प्रसाद यादव हुन्। उनी उपराष्ट्रपति हुनु अघि उनी बारा-२ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए।

यादव उपराष्ट्रपति बनेपछि रिक्त रहेको बारा-२ बाटै उपनिर्वाचन मार्फत जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव प्रतिनिधिसभा सदस्यमा निर्वाचित भए। अहिले उनी संघीय सरकारको उपप्रधानमन्त्री एवं स्वास्थ्यमन्त्री बन्न सफल भए। जसपा अध्यक्ष यादवको गृहजिल्ला भने बारा होइन। ०७९ को आम निर्वाचनमा सप्तरीबाट जनमत पार्टीका चन्द्रकान्त राउतबाट पराजित भएका उनी उपनिर्वाचनमा बाराबाट निर्वाचित भए।

त्यस्तै अहिलेको संघीय सरकारमा बाराकै प्रतिनिधित्व गर्दै ज्वाला साह पनि मन्त्री छिन्। एमालेबाट बारा-३ बाट प्रतिनिधित्व गर्दै उनी कृषि मन्त्री छिन्।

त्यस्तै मधेश प्रदेशका मुख्यमन्त्री पनि बारा जिल्लाबाटै निर्वाचित प्रतिनिधि छन्। मुख्यमन्त्री सरोजकुमार यादव बारा जिल्लाको क्षेत्र नम्बर १ (ख) बाट प्रदेशसभामा निर्वाचित भएका थिए। उनी जसपा नेपालबाट निर्वाचित प्रदेश सभाका सदस्य हुन्। राज्य सत्ताका विभिन्न ओहोदामा बाराबाटै निर्वाचित जनप्रतिनिधि रहेका कारण जिल्लावासीमा बेग्लै सान छ।

तर विकास निर्माण, रोजगारी, समयमै मलखाधलगायतका आकांक्षा राखेका बारावासीलाई उनीहरुकै मतबाट राजनीतिक उपलब्धि भए पनि यहाँका सर्वसाधारणले भने निकै कष्टप्रदाय जीवन गरिरहेका छन्।

# चलचित्र समीक्षा : पृथक निर्देशन र छायाङ्कनको 'रङ्गेली'

काठमाण्डु । शक्ति र प्रभावको द्वन्द्व र संवादमा केन्द्रित नेपाली कथानक चलचित्र 'रङ्गेली' अहिले प्रदर्शनमा रहेको छ। निर्देशक अर्जुन सुवेदीद्वारा निर्देशित 'रङ्गेली' यही फागुन २५ गते रिलिजमा आएको हो। ' ग्याङस्टर' श्रेणीमा पर्ने यस चलचित्रमा प्रमुख कलाकारहरू दयाहाङ राई, मिरूना मगर, अर्पण थापा, प्रवीण खतिवडा, रूपेश झा, सुन्दर धिताल छन्। चलचित्र केन्द्रीय पात्रहरू विजय, भगवान् दादा र जुनकिरीको वरिपरि घुम्छ, जसको बाटो अप्रत्याशितरूपमा एकार्कासँग जोडिएको हुन्छ।




विजय (दयाहाङ राई) आमाबाबुबिहीनताबाट दुःख पाएको मानिस हो। ऊ बाल्यावस्थादेखि नै तोता भाई यादव (रूपेश झा) की हजुरआमाको साथमा हुर्केको हुन्छ। परिस्थितिले उसलाई अन्धकारको बाटोमा डोर्‍याउँछ। उसलाई चलचित्रभित्रको एक शक्तिशाली व्यक्तित्वमा रूपान्तरण गराइएको छ। उसले सानैदेखि समाजमा बलियो आफ्नो स्थान बनाउने दृढ सङ्कल्प राखेको हुन्छ। जसका कारण उसले साथी समेत गुमाउनु र अन्य अकल्पनीय घटना हुनुले चलचित्रको कथालाई रोचक बनाएको छ।

रङ्गेलीमा शक्ति र प्रभावको प्रतीकको रूपमा भगवान् दादा (अर्पण थापा) रहेको छ। ऊ राजनीतिक आरोहणको ठूलो महत्वाकाङ्क्षामा छ। विजय र भगवान् दादाबीचको असमझदारी चलचित्रको केन्द्रीय द्वन्द्व र शक्ति हो। विरोधाभासयुक्त विचारधारा र व्यक्तिगत प्रतिशोधले उत्तेजित विजय र भगवान्‌को सम्बन्ध द्वन्द्वमा परिणत हुन्छ। उनीहरूको एक पटक-सम्बन्धित सम्बन्ध विश्वासघात र महत्वाकाङ्क्षाको भरमा टुक्रिन्छ, जसले दर्शकलाई चलचित्रको कथाको घुम्ती भेट्टाउन मद्दत गर्छ। चलचित्रमा जुनकिरी (मिरुना मगर) पात्रमा आउने असामान्य बदलावमा दर्शक मोहित हुन्छन्। सन्की प्रहरी अधिकारी मानबहादुर ढकाल (प्रवीण खतिवडा) को प्रवेश हुने हरेक दृश्यमा दर्शकले मज्जा लिन्छन्। बीचबीचमा आउँदै जाँदै गर्ने ग्याङस्टर पात्रहरू छोटो तर प्रभावशाली भूमिकामा छन्।

दर्शकले सबैभन्दा मनोरञ्जन लिने चलचित्रका पात्र हुन्, अभिनेता आर्यन सिग्देल। उनी अप्रत्याशित रूपमा अन्त्यमा आउँछन्। जतिञ्जेल रहन्छन्, तहल्का मच्चाउँछन्। उनको परिचय चलचित्रको सुरुदेखि अन्तिमसम्मै रहने पात्र गट्टु भैया (सुन्दर धिताल) ले गराउँछन्, जुन रोचक छ।

रङ्गेलीका कलाकारहरू प्रभावशाली छन्। प्रत्येक कलाकारले आफ्नो भूमिकामा गहिराइ र जटिलता ल्याउँछन्। डर र शक्तिको खेलमा वफादार साथी, वफादार सहयोगी, असल र खराब नियतका प्रहरी अधिकारी, नैतिकतासहितका र नैतिक पतन भएका नेता, सोझा जनता, प्रेममा धोका सबै चरित्रहरू एकपछि अर्को गर्दै भित्रिन्छन्। वफादारी र महत्वाकाङ्क्षाको साथ प्रभुत्व खोज्ने निर्दयी प्रतिद्वन्द्वीसम्म, प्रत्येक पात्रले कथामा तहहरू थपेको छ र आफूलाई पृथक बनाउने प्रयास गरेको छ।

'रङ्गेली'को निर्देशन र छायाङ्कन पृथक देखिन्छ। चलचित्रले दर्शकलाई डरलाग्दा अवस्थामा डुबाउँछ र अपराधको जालो बुझिने धमिलो र उज्यालो प्रकाशयुक्त कोठा, वातावरण र तनावको स्पष्ट भावना सिर्जना गर्दछ। प्रकाश र छायाको प्रयोगले दृश्यमा सौन्दर्य थपेको छ। हरेक कुनामा लुकेको अप्रत्याशित दृश्यलाई क्यामेराको कुशलरुपमा झल्काउन खोजेको छ।

यसको पटकथाले एकाध ठाउँमा केही बिस्तारै गति लिए पनि निर्देशकको कथा भन्ने शैलीलाई सफल रूपमा पछ्याउँछ। निर्देशक र लेखक एकै जना भएको कारण पनि चलचित्रको ग्राफको गति बिग्रन पाएको छैन। निर्देशकले प्रयोग गरेका मेटाफोरहरूले दृश्य र कथालाई अलग स्वाद प्रदान गरेको छ। कलाकारहरूका चरित्र विकासमा निर्देशकले अथक मेहनत गरेको प्रस्ट देखिन्छ।

'रङ्गेली'को अर्को पक्ष संवादमा गरिएको मेहनत र पार्श्व सङ्गीत हो। दृश्यहरूसँगै पछाडि सुनिने सङ्गीतका 'इफेक्ट'हरू शानदार छन्। चलचित्रका खलपात्र अर्पण थापा र प्रहरी अधिकारी प्रवीण खतिवडाको लागि तयार गरिएका संवादले दर्शकको मथिङ्गल हल्लाउँछ। सबै पात्रको संवादमा पूर्वी नेपालको मोरङ जिल्लाको रङ्गेली क्षेत्र वरपर बोलिने स्थानीय भाषालाई आत्मसात् गर्दै तयार गरिएको संवाद विशेष छ।

नवप्रवेशी कलाकारहरू रुपेश झा, सुन्दर धिताल, सान डोमा, सुजन खतिवडालगायतले तारिफयोग्य काम गरेका छन्। चलचित्रमा समावेश गीतहरू सान्दर्भिक नलाग्न सक्छन् भने सम्पादनमा केही मेहनत गर्न सकिन्थ्यो भन्ने महसुस हुन्छ। दर्शकलाई भण्डै तीन घन्टासम्म हलमा अडाउन चुनौतीपूर्ण रहेको अवस्थामा चलचित्र अलि लामो भएको भान हुन्छ।


'रङ्गेली' अपराध र प्रतिशोधको कथा मात्र होइन, नेपालजस्तो देशमा रहने सामाजिक अवस्थाको प्रतिबिम्ब पनि हो। भलै चलचित्रमा देखाइएको जस्तो गुण्डागर्दीमा उत्रिने पात्रहरू खुलेआम अस्तित्वमा त छैनन् तर, भित्रीरूपमा अपराधको जालो भने अविश्वसनीय छ।

# सरकारमा नजाने र विश्वासको मत नदिने राप्रपाको निर्णय

**टुडे समाचारदाता**

काठमाण्डु। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले सरकारमा नजाने र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई विश्वासको मत नदिने निर्णय गरेको छ।

सोमबार सम्पन्न राप्रपाको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले संसदमा विश्वासको मत लिँदा विपक्षमा मतदान गर्ने निर्णय गरेको प्रवक्ता मोहन



श्रेष्ठले जानकारी दिए।

त्यस्तै बैठकले तत्काल प्रदेश सरकारमा पनि सहभागी नहुने तर आवश्यकताअनुसार पछि जान सकिनेगरी आवश्यक कार्यादेश अध्यक्ष राजेन्द्र लिङ्देनलाई दिएको छ।


यस्तै पार्टीले सरकार समक्ष पेस गरेको ४० बुँदे माग पूरा गराउन जनदबाब सिर्जना गर्न चैत १६ गते काठमाडौँमा तय भएको जनप्रदर्शनको मिति सारिएको छ।

एसईइ परीक्षाको समय र लाखौं विद्यार्थी, अभिभावकको असुविधा र संवेदनशीलतालाई ध्यान दिई काठमाडौँ केन्द्रित जनप्रदर्शनको चैत २७ गतेलाई सार्ने निर्णय भएको हो।

यस्तै राप्रपाले इलाम क्षेत्र नम्बर २ मा हुने प्रतिनिधि सभाको उपनिर्वाचन र बझाङ प्रदेश सभा १ मा हुने उपनिर्वाचनमा पार्टीले भाग लिने पनि निर्णय गरेको छ। दुई वटै स्थानमा हुने उपनिर्वाचनको उम्मेदवार छनौटका लागि सम्बन्धित प्रदेशका अध्यक्षले सम्बन्धित जिल्लाको अध्यक्षसँग समन्वय गरी उम्मेदवार सिफारिस गर्न जिम्मेवारी दिने बैठकले निर्णय गरेको अध्यक्ष लिङ्देनले बताए।

राप्रपाले केन्द्रीय कार्य सम्पादन समितिका सदस्य ठाकुरमोहन श्रेष्ठमाथि आक्रमणमा संलग्नमाथि कारबाही गर्ने जिम्मेवारी अध्यक्ष लिङ्देनलाई दिएको जनाइएको छ।

# निःशुल्क उपचारका लागि पशुपतिनाथमा महायज्ञ



**टुडे समाचारदाता**

काठमाण्डु। पशुपतिनाथ मन्दिर परिसरमा आगामी चैत १ गतेदेखि ७ गतेसम्म महायज्ञ हुने भएको छ।

पैसाका कारण उपचार गर्न नसक्ने बिरामीलाई निःशुल्क उपचार गर्ने उद्देश्यसहित महायज्ञ आयोजना गर्न लागिएको हो।

सोमबार पाशुपत क्षेत्रमा आजोजित अन्तरक्रियामा युथ फर नेशनको आयोजना तथा अन्य सङ्घ संस्थाको सहकार्यमा महायज्ञ गर्न लागिएको महायज्ञ संयोजक डा निकोलस भुसालले जानकारी दिए।

चैतन्य कृष्ण महाराजद्वारा महायज्ञमा कथा वाचन गरिने बताइएको छ।

घर-घरमा ज्ञान, ध्यान र योग पुर्‍याइ युवालाई राष्ट्र निर्माणमा सक्षम बनाउने योजना रहेको महायज्ञ सहसंयोजक सरोजराज श्रेष्ठको भनाइ छ।महायज्ञमा करिब एक लाख भक्तजन उपस्थित हुने अनुमान गरिएको छ। महायज्ञ आयोजनाका लागि विभिन्न समिति, उपसमिति गठन गरिएको छ।

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने। |
| बृष | : भ्रमण अवसर हुने। |
| मिथून | : अवसर प्राप्त। |
| कर्कट | : वाद विवादबाट बच्नु। |
| सिंह | : पुरस्कार प्राप्त लाभ। |
| कन्या | : नयाँ कार्य हुने। |
| तुला | : बौद्धिक क्षमता। |
| बृश्चिक | : प्रतिभा सम्पन्नता। |
| धनु | : शिक्षामा उन्नति। |
| मकर | : पारिवाहिक सुख। |
| कुम्भ | : धन वृद्धि सञ्चय। |
| मीन | : प्रेम प्रसंग, मित्र सुख। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# चैत १ गतेदेखि वैशाख १५ सम्म कान्तिराजपथ बन्द गरिने



**टुडे समाचारदाता**

काठमाण्डु । ललितपुरको टीकाभैरवदेखि तिनपाने भन्ज्याङ, भट्टेडाँडा, काल्चे, बगुवा हुँदै मकवानपुरको ठिङ्गन भएर हेटौँडा पुग्ने कान्तिराजपथ ४५ दिनका लागि बन्द हुने भएको छ। ललितपुरको काल्चे खण्डको सडक चौडा गर्नका लागि आगामी चैत १ गतेदेखि वैशाख १५ सम्म कान्तिराजपथ बन्द गरिने कान्ति राजमार्ग सडक योजनाका इन्जिनियर रवीन्द्र महर्जनले जानकारी दिए।

"मर्मतसम्भारका लागि काल्चेदेखि बगुवा खण्ड चैत १ गतेदेखि वैशाख १५ गतेसम्म यातायातलाई सञ्चालन गर्न सहजीकरण गर्ने निर्णयसमेत गरेको छ।

विसं २०१३ मा शिलान्यास गरिएको काठमाडौँलाई हेटौँडासँग जोड्ने सडक मार्गको करिब पाँच किलोमिटर भाग अझै कालोपत्रे हुन बाँकी रहेको ईन्जिनियर महर्जनले बताउनुभयो। सरकारले प्राथमिकता नदिँदा र विगतमा निर्माणको जिम्मा लिएका ठेकेदार कम्पनीले ढिलासुस्ती गरेर काम गर्दा यो सडक निर्माण ६७ वर्षदेखि निर्माणाधीन अवस्थामै छ। कान्तिराजमार्गको हेटौँडा बुद्धचोकदेखि

> ललितपुरका प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठको अध्यक्षतामा यही फागुन १६ गते बसेको बैठकले काल्चे खण्डमा पर्ने चेनेज कटिङसहितको निर्माण गर्न बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म सवारी आवत जावतमा रोक लगाउने निर्णय भएको हो ।

बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म बन्द हुनेछ। यो खण्ड करिब १ दशमलव ५ किलोमिटर सडक खण्डको साँघुरो ठाउँमा सडक चौडा गर्न लागिएको हो। सडकमाथिका कडा चट्टान कटिङ गर्ने निर्णय भएको छ। यसका लागि अहिले ४५ दिन लाग्छ भन्ने हाम्रो अनुमान हो", उनले भने।

ललितपुरका प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठको अध्यक्षतामा यही फागुन १६ गते बसेको बैठकले काल्चे खण्डमा पर्ने चेनेज कटिङसहितको निर्माण गर्न बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म सवारी आवत जावतमा रोक लगाउने निर्णय भएको हो। बैठकले कान्तिराजमार्ग खण्डमा एम्बुलेन्सलगायत अन्य अत्यावश्यक सेवाका ललितपुरको सातदोबाटोसम्म लम्बाइ ९२ किलोमिटर हो। यसमध्ये बुद्धचोकदेखि-टीकाभैरवसम्म ७९ किमि सडक आयोजनाले निर्माण गर्ने हो। बाँकी खण्ड निर्माणको जिम्मा सडक डिभिजन कार्यालय ललितपुरको हो।

टीकाभैरवदेखि चापागाउँ बसपार्कसम्म डिभिजन कार्यालयले चौडा पार्ने काम पूरा गरेको भए पनि स्थानीयको संरचनाको अवरोधका कारण ठेचो सुनाकोठीको भाग चौडा हुन नसकेपछि २०७६ सालमा सरकारले निर्णय गरेर सडकको खण्ड टीकाभैरवबाट छम्पी भैँसेपाटी हुँदै नख्खुसम्म तय गरेको छ। भैँसेपाटीसम्म सडक चौडा भएपछि छम्पी टीकाभैरव खण्डमा भने चौडा हुन बाँकी नै रहेको छ।

# बालश्रमको कारण बन्दै गरिबी र पारिवारिक विखण्डन



काठमाण्डु । कामको खोजीमा बाबुआमासँगै रौतहटबाट काठमाडौँ आई बस्दै आएका १५ वर्षीय श्रीकृष्ण साह (नाम परिवर्तन) कहिलेकाहीँ विद्यालय पोसाककै निर्माणका काममा भेटिन्छन् । बिदाका दिनमा त बिहानदेखि बेलुकासम्म काममा खट्छन् । अभिभावकको चाहना भन्दा पनि बाध्यताले उनी विद्यालय जानुअघि वा गएर फर्केपछि सिधै कार्यस्थलमा पुग्छन् । बालुवा र इँटा बोक्ने तथा घर निर्माणमा सहयोग गर्ने काम गर्नुपरेको उनीहरु बताउँछन् ।

"पढाइ र घरखर्च हुने र अभिभावकलाई सहयोग हुने भएकाले काम गर्दै आएको छु। काम पनि सिक्दै गएको छु । तर पढाइमा भने नकारात्मक असर परेको छ ।" उदयपुर घर बताउने १४ वर्षीय विक्रम राई (नाम परिवर्तन) चाहीँ एउटा रेष्टुराँमा काम सघाउँछन् । उनले भाँडा माज्ने, सरसफाइ गर्ने र अन्य सहयोगी काम गर्छन्, जसका कारण उनको नियमित पढाइ छुटेको छ।

पढ्न जानुपर्दैन ? भन्दा उनी जवाफ दिँदैनन्, लजाए जस्तो गरेर मान्छेहरूभन्दा परपर भाग्छन् । बाध्यता र परिबन्दले बालश्रममा लागिरहेका बालबालिका सहरीदेखि ग्रामीण क्षेत्रमा पनि उत्तिकै रहेका छन् । कानुनतः १४ वर्षभन्दा कम उमेरका बालबालिकाको सर्वाङ्गीण वृद्धि र विकासमा नकारात्मक असर पार्ने गरी काम गराउनुलाई बालश्रम मानिन्छ। बाध्यतावश श्रममा लगाउँदा उनीहरुले शिक्षा, खेलकुद र मनोरञ्जन अधिकार र पहुँचबाट वञ्चित हुनुपरेको हुन्छ। श्रममा रहँदा बालबालिकाको शारीरिक, मानसिक, सामाजिक तथा नैतिक विकासको गतिविधिमा बाधा वा अवरोध हुन्छ।

विद्यमान कानुनअनुसार १४ वर्ष उमेर नपुगेका बालबालिकालाई श्रममा लगाउन पाइँदैन । उनीहरुलाई १४ देखि १८ वर्षसम्मका बालबालिकालाई सामान्य खालका काममा लगाउन सकिन्छ। बालश्रम (नियमित र निषेधित गर्ने) ऐनले तोकेका विभिन्न प्रकारका कामलाई जोखिमपूर्ण व्यवसाय वा काममा लगाउन नपाउने उल्लेख गरेको छ। आर्थिक वा सामाजिक लाभका नाममा बालबालिकालाई बाल भरिया, सडक बालबालिका, बालबालिकाको बेचबिखन, बालविधुवा बालश्रम, घरेलु बाल श्रमिक, होटेल व्यवसाय, ढुङ्गा खानी तथा इँटा कारखानामा काम गर्ने बाल श्रमिक र कोइला खानीमा काम गराउन पाइँदैन । विभिन्न राष्ट्रिय प्रतिवेदनमा अझै बालबालिका श्रमिककै रूपमा कार्यरत रहन बाध्य भएको उल्लेख छ।

श्रममा रहेका बालबालिकामध्ये करिब एक तिहाइ बालबालिका कानुनद्वारा वर्जित निकृष्ट प्रकारको श्रममा आवद्ध रहेका छन् । सन् २०२१ को नेपाल बालश्रम प्रतिवेदनअनुसार मुलुकमा कूल बालबालिकामध्ये १६ प्रतिशत अर्थात् १० लाख ८० हजार बालबालिका श्रममा रहेका छन्। राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिवेदन, २०७८ अनुसार नेपालमा पाँचदेखि १७ वर्ष उमेर समूहका १५ दशमलव ३ प्रतिशत बालबालिका श्रममा संलग्न रहेका छन्।

संयुक्त राष्ट्रसङ्घको बाल अधिकार महासन्धि, १९८९ लाई अनुमोदन गरेको नेपालले सोको प्रतिबद्धता कार्यान्वयनका क्रममा नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकमा राखिएको छ । विसं २०७८ को राष्ट्रिय जनगणनामा बालबालिकाको सङ्ख्या ३३ दशमलव ८४ प्रतिशत रहेको छ । बालबालिकासम्बन्धी ऐन, २०७५ ले बाल अधिकारको संरक्षण र संवर्द्धनका कार्य गर्न गराउन संस्थागत र नीतिगत प्रबन्ध गरेको छ।

ऐनबमोजिम गठित राष्ट्रिय बालअधिकार परिषद्को 'बालबालिकासम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन, २०८०' ले बालबालिकासम्बन्धी अधिकार र संरक्षणका लागि अझै चुनौती रहेको स्वीकार गरेको छ। परिषद्का उपाध्यक्ष बमबहादुर बानियाँले बालबालिकालाई उद्धार, संरक्षण र व्यवस्थापनका साथै बालबालिकाको अधिकार स्थापित गराउन विद्यमान स्रोत साधनको उपयोग गरी पहल भइरहेको बताए।

उनले यस सवालमा तीनै तहका सरकार, यसमा कार्यरत राष्ट्रिय र अन्तर राष्ट्रिय सङ्घ संस्था, अभिभावक र सरोकार भएका सबैको साथ हुनुपर्नेमा जोड दिए । शिक्षा र बालअधिकारका क्षेत्रमा कार्यरत संस्था आसमान नेपालले विभिन्न चार प्रदेशका तीन सय ६४ बालश्रमिकसँग अध्ययन र परामर्श गरी अवस्थाको विश्लेषण गरेको छ । सो संस्थाका कार्यक्रम व्यवस्थापक मनिराम आचार्यका अनुसार सुदूरपश्चिम, गण्डकी, मधेस र बागमती प्रदेशमा गरिएको सो अध्ययनले गरिबी, पारिवारिक विखण्डन, शिक्षाको पहुँचमा असहजतालगायत बहुआयामिक समस्याका कारण बालबालिका श्रममा रहन बाध्य भएको देखाएको छ । त्यसरी काममा लगाइएका बालबालिकाले समयमा र उचित भुक्तानी नपाउने, शारीरिक दुःख धेरै खेप्नुपर्ने, समयमा खान र आराम गर्न नपाउने लगायतका समस्या भोग्दै आएका छन्।

बालबालिकाका क्षेत्रमा कार्यरत संस्था विश्वास नेपालका 'फिल्ड संयोजक' विष्णु पनेरूले सहरी र मनोरञ्जनका क्षेत्रमा पनि बालश्रमको अवस्था दयनीय रहेको बताउँदै यसको अन्त्यका लागि बालबालिकालाई शिक्षा र अन्य अधिकारको पहुँच पुर्‍याउन घरपरिवार र समाजले साथ दिनुपर्ने उल्लेख गरे। "अभिभावकमा गरिबीका कारण बालबालिका घर छाडेर भागेर सहरी क्षेत्रमा जाने र त्यहाँ निकृष्टसमेतका काममा लाग्न बाध्य हुने गरेका छन् ।", पनेरुले भने, "तीनै तहका सरकारले बालश्रम उन्मूलनका लागि नीतिगतरुपमा पहल गरिरहेका छन्। हामी पनि लागिरहेका छौँ तर यो पर्याप्त छैन। बालअधिकारको संरक्षणका लागि अझै लाग्नुपर्नेछ।"

नेपालको संवैधानिक व्यवस्था कार्यान्यनका लागि बालबालिकाको हकहित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति र पालनाका लागि बालबालिकासम्बन्धी ऐन २०७५, नियमावली २०७८ लगायत अन्य विभिन्न कानूनी तथा नीतिगत व्यवस्था कार्यान्वयनमा रहे पनि तिनको प्रभावकारी कार्यान्वयन हुनसकेको छैन । बालबालिकासम्बन्धी ऐन, २०७५ ले बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनुपर्ने यसका साथै बालकल्याण अधिकारी वा बाल अदालतले बालबालिकाको वैकल्पिक हेरचाहसम्बन्धी व्यवस्था गर्दा र बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने सार्वजनिक र निजी सामाजिक संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा उच्चतम हित निर्धारण प्रक्रिया अवलम्बन गर्नुपर्ने व्यवस्था पनि नीतिगतरुपमा गरिएका छन्।

नेपाल सरकारको पन्ध्रौँ योजना (२०७६/०७७ - २०८०/०८१) मा राज्यले सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक व्यवस्था गर्ने रणनीति अवलम्बन गरिएको छ । दिगो विकास लक्ष्यको सातौँ बुँदा अन्तर्गत सन् २०२५ सम्ममा सबै प्रकारका बालश्रम अन्त्य गर्न तत्काल प्रभावकारी उपायहरु अपनाउने उल्लेख छ । दोस्रो १० वर्षे बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७४-२०८३) ले २०७९ सालसम्म निकृष्ट र शोषणयुक्त प्रकारको बालश्रम निवारण गर्ने र २०८२ साल सम्म सबै प्रकारका बालश्रम निवारण गर्ने लक्ष्य लिएको छ।नेपाल सरकारको चालु नीति तथा कार्यक्रममा सबैखाले बालश्रम शोषणको अन्त्य गरिने, बाल सुधार गृहको भौतिक पूर्वाधार तथा संस्थागत क्षमता अभिवृद्धि गरिने, बालमैत्री पूर्वाधार निर्माण गर्दै लगिने भनिएको छ।

अनाथ, असहाय, टुहुरा, अपाङ्गता भएका व्यक्ति, अशक्त, बेवारिसे, हिंसापीडित तथा सडक बालबालिकाको उद्धार, संरक्षण र पुनःस्थापनाको लागि प्रदेश तथा स्थानीय तहमा आपत्कालीन बाल उद्धार कार्यक्रम सञ्चालन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। परिषद्का उपाध्यक्ष बानियाँले बालबालिकाविरुद्ध हिंसा, दुर्व्यवहार भएमा वा जोखिम अवस्थामा परेमा बालबालिकालाई आपतकालीन उद्धार, राहत, अस्थाई संरक्षण, मनोसामाजिक विमर्श, कानुनी परामर्श तथा सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना लगायत अन्य आवश्यक सहयोग गर्न राष्ट्रिय बाल अधिकार परिषद्मार्फत सञ्चालन अनुमति प्राप्त गैह्रसरकारी संस्थाको व्यवस्थापनमा हाल १८ जिल्लामा बाल हेल्पलाइन (निःशुल्क टेलिफोन नं १०९८) सेवा सञ्चालनमा रहेको जानकारी दिए।

कानुनको विवादमा परेका बालबालिकालाई अदालतको निर्णयबमोजिम बाल सुधार गृहँमा राख्न आठ जिल्लामा बाल सुधारगृह सञ्चालनमा छन्। परिषद्मा उपलब्ध अभिलेख अनुसार जम्मा ४५ वटा जिल्लामा चार सय १८ वटा बालगृह सञ्चालनमा रहेको र त्यस्ता बालगृहहरुमा एघार हजार दुई सय दुईजना बालबालिका संरक्षणमा रहेका छन्।

# ४१३ स्थानीय तहमा दादुरा-रुबेलाविरुद्धको खोप अभियान सम्पन्न

**टुडे समाचारदाता**

काठमाण्डु। सरकारले सञ्चालन गरेको दादुरा-रुबेलाविरुद्धको खोप अभियानअन्तर्गत मुलुकका चार सय १३ स्थानीय तहका सबै बालबालिकाले खोप लगाएका छन्। देशका २४ जिल्लाका ती स्थानीय तहमा सबै बालबालिकालाई खोप लगाइएको छ।

बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमका अनुसार ४३ जिल्लाका एक सय ८० स्थानीय तहमा खोप अभियान जारी छ। हालसम्म करिब ६६ प्रतिशत अर्थात् ३७ लाख ९२ हजार चार सय ६८ बालबालिकाले खोप लगाइसकेका छन्।

शाखा प्रमुख डा गौतमले हिमाली भेगका आठ जिल्लाका एक सय २२ स्थानीय तहमा हिमपातका कारण खोप अभियान सञ्चालन हुन नसकेको बताए। यही फागुन १३ गतेदेखि दादुरा-रुबेलाको सङ्क्रमणको जोखिमलाई दृष्टिगत गरी सरकारले पश्चिम रुकुम र जाजरकोट जिल्लाबाहेक ७५ जिल्लामा खोप अभियान सञ्चालन गरेको हो। ती जिल्लाका कूल ५७ लाख ४२ हजार नौ सय ९३ बालबालिकालाई खोप लगाउने लक्ष्य छ।

भारतसँग सीमा जोडिएका दादुरा-रुबेलाबाट अति सङ्क्रमित २१ जिल्ला तथा काठमाडौँ उपत्यकामा नौ महिनादेखि १५ वर्षमुनिका तथा ५१ जिल्लाका नौ महिनादेखि पाँच वर्षसम्मका बालबालिकालाई खोप लगाइँदै छ। खोप अभियानका लागि देशभरि ४८ हजार सात सय ९८ खोप केन्द्रको व्यवस्था गरिएको शाखा प्रमुख डा गौतमले जानकारी दिए। खोप अभियानका लागि ४९ हजार नौ सय ३७ स्वास्थ्यकर्मी र ५९ हजार नौ सय ६ स्वयम्सेवक परिचालन गरिएको छ।

# रुसी सेनामा भर्ना भएकाको परिवारद्वारा खोजीको माग



**टुडे समाचारदाता**

काठमाण्डु । भ्रमण (भिजिट) भिसामा गएर रुसी सेनामा भर्ना भएका तनहुँका आठ जना सम्पर्कविहीन भएका छन् । व्यास नगरपालिकाका तीन, देवघाट गाउँपालिकाका एक, भानु नगरपालिकाका दुई, शुक्लागण्डकी नगरपालिकाका एक र म्याग्दे गाउँपालिकाका एक गरी आठ युवा सम्पर्कविहीन भएका हुन्।

भिजिट भिसामार्फत रुसी सेनामा गएका तनहुँका आठ युवा सम्पर्कविहीन भएपछि खोजी दिन पीडितका परिवारले माग गरेका छन् । खोजीका लागि परिवारले निवेदन दिएका छन् । सुरक्षित आप्रवासन कार्यक्रम (सामी) तनहुँकी कार्यक्रम संयोजक लुना रानाले रुसी सेनामा भर्ना हुन गएका सात र युक्रेनमा भर्ना हुन गएका एक गरी आठ युवा सम्पर्कविहीन भएपछि खोजीका लागि परिवारजनले निवेदन दिएको जानकारी दिए।

उनले भने, "व्यास, देवघाट, भानु, शुक्लागण्डकीका सात जना रुसी सेनामा भर्ना हुन जाँदा बेपत्ता भएको र म्यादेका एक जना युक्रेनी सेनामा भर्ना हुन जाँदा सम्पर्कविहीन भएको भन्दै खोजी दिन उहाँहरुको परिवारजनले निवेदन दिएका छन् । उनीहरुको खोजीका लागि प्रयास गर्ने हो ।" परिवारसँग नै सम्पर्कविहीन भएका व्यक्तिका परिवारजनले खोजी तथा उद्धारको मागसहित यहाँ निवेदन दिएको उनले बताए।

उनले भने, "रुसमा दूतावास भएको भए सहजरुपमा खोजी तथा उद्धारका लागि कागजात पठाउने थियौँ । तर, प्रत्यक्ष काम गर्न नपाउँदा सहज चाहिँ छैन। दूतावास नभएकाले खोजीका लागि कन्सुलर विभागलाई पठाएका छौँ। खोजतलासीमै छौँ प्रक्रियामा नै रहेका छौँ भन्ने जवाफ आउने गरेको छ ।" गैरकानुनी रुपमा गएकाले पूर्णरुपमा काम गर्न सहज नभएको उनले बताए।

आप्रवास स्रोत केन्द्रकी परामर्शदाता गोमा तिवारीले सम्पर्कविहीन भएका व्यक्तिलाई छिटोभन्दा छिटो नेपाल झिकाइ पाउँ भनेर निवेदन दिएको बताए । सम्पर्कविहीन भएका व्यक्तिको खोजीका लागि कन्सुलर विभागमा व्यक्तिको कागजातसहितका सम्पूर्ण कागजात पठाइसकिएको तिवारीले बताए।

रुसमा बेपत्ता भएका व्यक्तिको खोजीका निम्ति पहल भइरहेको उनले सुनाए। युक्रेनमा सम्पर्कविहीन भएका व्यक्तिको त्यहीँ दूतावास नभएकाले रुसी कन्सुलर विभागमार्फत नै खोजी कार्य भइरहेको आप्रवासी स्रोतकेन्द्रले जनाएको छ। दुई/तीन महनियतादेखि परिवारसँग नै उनीहरु सम्पर्कमा नभएकाले खोजीको पहल भइरहेको सामीले जनाएको छ । भिजिट भिसामा अवैधानिक बाटोमार्फत् गएका व्यक्ति परिवारसँग नै सम्पर्कविहीन भएपछि खोजीका निम्ति निवेदन दिएका हुन् । अवैधानिक बाटो हुँदै रुसी सेनामा भर्ना हुन गएका व्यक्ति त्यहीँ भर्ना भए पनि त्यहाँबाट फर्केर आउन सहज भने नभएको बताइएको छ।

# एमाले गोरखा अध्यक्षमा सुरेन्द्रबहादुर थापा विजयी

**टुडे समाचारदाता**

गोरखा। नेपाल कम्युनिष्ट पार्टी (एमाले) गोरखाको आठौँ जिल्ला अधिवेशनबाट पार्टी जिल्ला कमिटीको अध्यक्षमा सुरेन्द्रबहादुर थापा विजयी भएका छन्।

गएराति सम्पन्न भएको मतगणनामा थापाले निकटतम प्रयास असफल भएपछि दुवै पक्षबीच प्यानल नै बनाएर प्रतिस्पर्धा भएको हो।

निर्वाचनमा पार्टी जिल्ला कमिटीको उपाध्यक्षमा मेनबहादुर अधिकारी विजयी भएको उनले बताए। अधिकारी दुई सय ७० मत ल्याएर उपाध्यक्षमा विजयी भएका हुन् भने उनका प्रतिस्पर्धी




प्रतिद्वन्द्वी कृष्ण नेपालीलाई ७५ मतले पराजित गर्दै थापा अध्यक्षमा निर्वाचित भएको पार्टीका सचिव काजीराम रोकाले जानकारी दिए।

थापाले दुई सय ८० मत प्राप्त गरेका थिए भने उनका निकटतम प्रतिस्पर्धी नेपालीले दुई सय पाँच मत प्राप्त गरेका हुन्।

नवनिर्वाचित अध्यक्ष थापा पार्टीका केन्द्रीय उपमहासचिव पृथ्वीसुब्बा गुरुङ पक्षधर मानिनु हुन्छ भने नेपाली पार्टी अध्यक्ष केपी शर्मा ओली पक्षधर मानिन्छन्। सर्वसम्मतरुपमा नेतृत्व चयनको कमल दानीले एक सय २१ र अर्का प्रतिस्पर्धी कृष्ण काप्रीले ७१ मत प्राप्त गरेका हुन्।

त्यस्तै अधिवेशनबाट पार्टी जिल्ला कमिटीको उपसचिवमा दुई सय ६५ मत ल्याएर मनोज जोशी र उपसचिव महिलातर्फ शान्ति चापागाईं विजयी भएका छन्।

एमालेमा ९९ सदस्सीय कार्यसमिति रहने व्यवस्था रहेको छ। सोमध्ये ८९ प्रत्यक्ष निर्वाचनवाट निर्वाचित भएर आउने र १० जना भने कार्यसमितिले मनोनीत गर्ने व्यवस्था रहेको सचिव रोकाले बताए।

# चाडपर्वले हामीलाई समृद्ध बनाएका छन् : प्रदेश प्रमुख शर्मा

**टुडे समाचारदाता**



मनहरी । बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले सोमबार मनाइँदै गरिएको २५५१औँ ग्याल्पो ल्होसारको अवसरमा शुभकामना व्यक्त गर्दै हाम्रा परम्परा, कला र संस्कृतिले हामीलाई विश्वमञ्चमा विशिष्ट पहिचान दिएको बताएका छन्।

शुभकामना सन्देशमा प्रमुख शर्माले यसमा पनि हाम्रा रोचक तथा मोहक चाडपर्वले हामीलाई थप समृद्ध बनाएको बताएका हुन् । आदिवासी शेर्पा समुदायले मनाउने ग्याल्पो ल्होसार पनि एक महत्वपूर्ण पर्व भएको प्रमुख शर्माको भनाइ छ।

प्रमुख शर्माले आफ्नो शुभकामना सन्देशमा हाम्रो देश नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवं बहुसांस्कृतिक विशेषताले भरिपूर्ण रहेको उल्लेख गर्दै विविध विशेषताका कारण विश्वमान चित्रमा हाम्रो छुट्टै पहिचान बनेको बताएका छन् । 'हाम्रो यो पहिचान निर्माणका लागि हाम्रा चाडपर्वको उल्लेखनीय भूमिका रहेको छ।' प्रमुख शर्माको शुभकामना सन्देशमा उल्लेख छ,"विभिन्न ल्होसारमध्ये ग्याल्पो ल्होसार पर्व हामी नेपालीहरुको राष्ट्रिय संस्कृतिको अभिन्न अङ्ग बन्न पुगेको छ।"

प्रमुख शर्माले यो पर्वले आपसी सद्भाव एवं सहिष्णुता कायम गर्दै र राष्ट्रिय एकता हासिल गर्न सघाउ पुर्‍याउँदै आएको बताएका छन्। साथै, हाम्रो देशको संस्कृति संरक्षणका लागि यस्ता चाडपर्व कोसेढुङ्गा सावित हुनेछन् भन्ने आफूलाई पूर्ण विश्वास रहेको पनि प्रमुख शर्माले शुभकामना सन्देशमा उल्लेख गरेका छन्।

# महासङ्घको पहलमा लगानी कम्पनी स्थापना हुने


**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासङ्घको पहलमा दशैभरका उद्यमी व्यवसायीको सहभागिता रहने गरी लगानी कम्पनी स्थापना हुने भएको छ । महासङ्घले सोमबार एक प्रेस विज्ञप्ति जारी गर्दै लगानी कम्पनी स्थापनाको तयारी भइरहेको जानकारी दिएको हो।

उक्त कम्पनीमा देशैभरका सर्वसाधारण एवं व्यवसायीले लगानी गर्नसक्ने र कम्पनीमार्फत विभिन्न परियोजनामा लगानी गरिने जनाइएको छ । कम्पनीको अधिकृत पुँजी रु १० अर्ब हुनेछ। यसमा महासङ्घका सदस्यबाहेकका व्यवसायीले पनि लगानी गर्नसक्ने महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले जानकारी दिए।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घको वार्षिक साधारणसभामा बोल्दै अध्यक्ष ढकालले मुलुकको अर्थतन्त्रको सुधारका लागि निजी क्षेत्रबाट आवश्यक पहल गरिरहेको बताए। राजनीतिक दलको आर्थिक विषयमा समान एजेण्डा हुन नसक्दा समन्वय र सुधार नभएको बताउनुहुँदै अध्यक्ष ढकालले महासङ्घको आगामी चैत अन्तिम साता आयोजना हुने वार्षिक साधारणसभामा सबै दलहरुको ऐक्यबद्धता खोजिने पनि उनको भनाइ छ।

महासङ्घले सुधारका लागि निरन्तर प्रयास गरिरहेको र गत असोजमा आयोजित बृहत् आर्थिक बहस यसको कोशेढुङ्गा सावित भएको ढकालको दाबी छ। उक्त आर्थिक बहस आयोजनापछि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सर्वपक्षीय भेला आयोजना गरेको स्मरण गराउनुहुँदै अध्यक्ष ढकालले त्यसपछि वित्तीय क्षेत्रमा सुधार भएको बताए।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# हठ त्यागेर मार्ग प्रशस्त गर

नेपालको राजनीति अस्थिर छ ।देशमा प्रायःहरेक दशकमा राजनीतिक उथलपुथल हुने गरेको छ ।संघीय गणतन्त्र बहाल भएपनि मुलुकमा राजनीतिक स्थिरता भएको छैन् ।तर मधेशी, आदीवासी, जनजाती, दलित, महिला, सिमान्तकृतहरुले समान अधिकार पाउन सकेका छैनन् ।सबै नेपालीको समान अधिकार हुनुपर्छ ।त्यो कानुन र व्यवहार दुवैमा कुनैपनि अधारमा विभेद हुनु हुँदैन् ।राज्यले सबैको हक र अधिकार सुनिश्चित गर्नुपर्छ ।नेपालमा विभेदलाई हटाउन पीडितहरुले कयौं पटक सशक्त आन्दोलनपनि गरेका छन् ।तैपनि अधिकार प्राप्ति गर्न सकेका छैनन् ।देशमा शासक र शासित वर्गबीचको विभेद झन बढेको छ ।त्यसको प्रमुख कारण शतकौंदेखि सत्तासिन वर्गले शासितलाई अधिकार नदिने पक्षमा एकजुट छन् ।अधिकारका लागि लडनेहरु विभाजित छन् ।अधिकारका लागि आन्दोलन गर्ने प्रचार गरेपनि नेताहरुको अभिष्ट सत्तारोहण नै हो ।सत्तामा पुग्न मरिहत्ते गर्ने नेताहरुको कारण समानताको अधिकारबाट बञ्चित वर्ग अझै पछाडी नै छ ।अधिकार प्राप्तिका लागि लड्नु पर्ने बाध्यात्मक लडाई लामो समय चल्न सक्छ ।अधिकारको लडाइलाई अलपत्र नछाडे केहि पहिले नै प्राप्ति हुन सक्छ ।अधिकार प्राप्तिका लागि हुने लडाइको नेतृत्व गर्ने नेताहरुमा धैर्य, त्याग, सहास अनिवार्य रुपमा हुनै पर्छ ।दुई वर्ष आन्दोलन गरेर सत्तामा पुग्ने लक्ष्य लिएका नेताहरु ने अधिकारका लागि भइरहेको आन्दोलनको नेतृत्व गरिरहेका छन् ।त्यसकारणपनि आन्दोलन निर्णायक चरणमा पुगेर उपलब्धिबिहिन हुने गरेको छ ।त्यसको सम्पूर्ण दोष नेतृत्व पंगतीले नै लिनु पर्छ ।देशमा भएको माओवादी जनयुद्ध बाहेक सर्वाधिक सहादत दिने मधेश आन्दोलन नै हो ।तैपनि त्यो सफल हुन सकेन् ।अझैपनि नेताहरुले आफ्नो स्वार्थी प्रवृतीमा परिवर्तन ल्याएका छैनन् ।पछिल्लो पटक तराई मधेश लोकतान्त्रिक पार्टी(तमलोपा), जनमत पार्टी र जनता प्रगतिशिल पार्टी(जप्रपा)बीच कार्यगत एकताको घोषणा भएको छ ।कार्यगत एकता गरेका तीन दल मध्ये जनमत राष्ट्रिय दलको मान्यता प्राप्त हो ।त्यसपछि तमलोपा र अन्तिम जप्रपा हो ।विगतमा पनि दलहरुबीच कार्यगत एकता भएको थियो ।कतिपय दलहरु मर्ज नै भएका थिए ।तर नेताहरुको व्यक्तिगत हठ र स्वार्थका कारण परिणाममुखी हुन सकेन् ।पछिल्लो पटक लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)मा भएको विभाजनको कारणपनि त्यै हो ।लोसपालाई धराशायी बनाइसकेका अध्यक्ष महन्थ ठाकुरले अझैपनि हठ त्यागगरि मार्ग प्रशस्त गर्न चाहेका छैनन् ।यस्ता प्रवृतीले मधेशीहरुमा वितृष्णा बढनु अस्वभाविक होइन् ।

# नयाँ चुनौतीमा मधेशकेन्द्रित दलहरु



रोशन जनकपुरी

जब सत्तामा पुगेका पार्टीहरु आफ्नो वैचारिक र जनवादी प्रतिबद्धताबाट विचलित हुनथाल्छ, उसको राजनीतिक इमान्दारिता हराउन थाल्छ। यस्तोमा सत्ता प्रणाली (व्यवस्था) र जनता दुबै सत्तामा टिकिरहने साधनभन्दा बढी हुँदैन । अनि जनता भुल्याउन र भोटको राजनीतिमा परिणाम आफूतिर तान्न थरी थरीका राजनीतिक सर्कस गर्न थाल्छन् ।

सत्ता र संसद यथार्थमा वर्गसंघर्षको थलो हो, जहाँ विविध खाले जनवर्ग र राजनीतिकशक्तिहरु आ-आफ्नो स्वार्थपूर्त्तिको निम्ति संघर्ष गरिरहेका र एक अर्काको टाङ्ग तानातान गरिरहेका हुन्छन् । त्यसैकारण त्यहाँ निर्णायक, वर्चस्वशाली पार्टीहरु नै हुने गर्छन् । साना राजनीतिक दलहरु ठुलो पार्टीहरुको निम्ति तुलोमा भाग पुऱ्याउने थपन जस्तै हुने गर्छन् । क्षेत्रीय राजनीतिक दलहरुको चरित्र संसारभरी प्रायः यस्तै हुने गर्छ ।

जतिबेला सडकमा वैचारिक र जनसमुदायका एजेन्डाहरुमा आधारित आन्दोलन र जनसंघर्ष सुसुप्त हुन्छ, त्यतिबेला राजनीतिक दलहरुमा जनताको हितभन्दापनि निजि आर्थिक लाभ र यस्तो निम्ति सत्तामा वर्चस्व कायम गर्नु नै मूख्य चरित्रको रुपमा विकसित हुन्छ । यस्तोमा वैचारिकता तथा जनप्रतिबद्धता सबै हराइसकेको हुन्छ र जनताको नाममा लफ्फाजी मात्र बाँकी रहन्छ । अझ यस्तोमा संसदीय राजनीतिमा एउटा दलले चुनावमा बहुमत ल्याउन नसक्नु र गठबन्धनको सरकार गठन हुनु साना र क्षेत्रीय दलहरुको निम्ति सुवर्ण अवसर झैँ हुन्छ । आपसमा प्रतिस्पर्द्धा गरिरहेका ठूला दलहरुलाई सरकार बनाउनका निम्ति आवश्यक बहुमत पुऱ्याउन साना र क्षेत्रीयदलहरुको आवश्यकता पर्छ । यस्तोमा साना दलहरुले बार्गेनिङ्ग गर्छन् र उनीहरु आफू अनुकूल सरकारमा अवसर दिनेसंग जान्छन् । ठूला दलहरुमा पनि जनवादिताको साटो जसरीभएपनि सत्तामा टिकिरहने चरित्र नै प्रधान हुन्छ, त्यसैले उनिहरुपनि एउटाले अर्काको सरकार ढाल्ने र आफ्नो सरकार बनाउने दाउमा प्रयत्न गरिरहेका हुन्छन् । त्यसैकारण प्रायः झीनो बहुमतका सरकारहरु बेलाबेलामा ढली रहेका हुन्छन्, नयाँ बनिरहेका हुन्छन् । यस्तोमा साना दलहरु पटक पटक आर्थिक र राजनीतिक दुबै नाफाको अवसरको खोजीमा कहिलेको एउटाको पोल्टोमा र त कहिले अर्काको पोल्टोमा परे 'सरकार बनाउने र ढाल्ने र फेरी बनाउने' खेलमा लागेका हुन्छन् । यस्मा कुनै अस्वाभाविकता र अपराधबोधपनि हुँदैन, किनभने सम्विधानमा गरिएको व्यवस्था अनुसार नै हुन्छ । जनताको बीचपनि सरकार ढाल्नु र बनाउनु दुबै लोकतान्त्रिक र जनताको हितको नारामा नै हुने गर्छ ।

वर्गीय प्रतिनिधित्वको दृष्टिले संसदिय लोकतन्त्र आफूमा पूँजीवादी अधिनायकत्व अर्थात धनीवर्गको वर्चस्वको शासन बाहेक अरु केही होइन, तरपनि कुनै एउटा दलले पर्याप्त बहुमत ल्याएर सरकार बनाएमा उसलाई सीधा आरोपित गर्न सकिन्छ । तर संसदमा गठबन्धन संस्कृतिको विकास भएमा सबैले सबैलाई आरोपित गरिरहन्छ,, र आफूलाई निर्दोष भनिरहेको हुन्छ । नेपाली राजनीतिको दुर्भाग्य नै भन्नु पर्छ कि, बहुदलिय राजतन्त्रकालमा विकसित गठबन्धन सरकारको संस्कृति गणतन्त्रमा पनि फेरिएन । अब त यसलाई लोकतन्त्रको सौन्दर्यको रुपमा व्याख्या गर्न थालिएको छ । तर यथार्थ के हो भने यस गठबन्धन संस्कृतिले संसदिय राजनीतिमा रहेको नाममात्रको नैतिकतापनि हराउँदै गएको छ र जनहितका विषयहरु उपेक्षामा परेका छन् । अहिले राजनीतिक दलहरु आ-आफ्ना खालका समाजवादको लफ्फाजी गरेपनि सडकमा कुनै आन्दोलन छैन र जनवर्ग र जनसमुदायमाथी बेलगाम शोषण जारी छ । विगतमा भएका वर्गीय र सामुदायिक आन्दोलनहरुको बलमा सम्विधानमा आरक्षणको व्यवस्था गरिएपनि, ती सबैमा पार्टीभित्रका र पार्टीनिकटको एउटै धनीवर्गले कब्जा गरेको छ । महिला, मधेशी, मुस्लिम, अल्पसंख्यक, आदिवासी जनजाति आदि सबैको निम्ति आरक्षित गरिएका अवसरहरुमा धनीवर्ग नै चयनित हुने गर्छ । दुई चारजना जो वास्तविक परेका हुन्छन्, उनिहरु कि त सत्तालाई लोकतान्त्रिक देखाउने दाँत मात्र हुन्छन्, कि भीडमा दुइचार जना भुल्लिएर परेको मात्र हो ।

नेपालमा गठबन्धन सरकारको अभ्यासको अनुभव के छ भने, यस्ले एकातिर सडकमा जनमुखी आन्दोलनलाई मत्थर र सुस्त पार्दै जान्छ, र अर्कोतिर सत्तामा हमेशा अस्थिरता कायम राख्छ । हरेक सरकारले प्रतिपक्षले गठबन्ध भत्काएर सरकार ढाल्ने भयमा बाँच्नु परेको हुन्छ । यसै कारण जनताको निम्ति हरेक पटकको सरकारप्रति एउटा उदासीनता हुने गर्छ । कुनै सरकारले गम्भीरतापूर्वक कुरा गर्न थालेपछि, अथवा आफ्नो सरकारको स्थायीत्वको दावी गर्न थालेपछि जनताको निम्ति हास्यास्पद् स्थिति उत्पन्न हुन्छ र राजनीतिज्ञहरु विदुषक जस्ता देखिन थाल्छन् । हो पनि, जहाँ को, कतिबेला, कोसंग बिक्छ, ठेगान हुँदैन, त्यहाँ विश्वास, नैतिकता, लोकतन्त्र, जनतन्त्र र स्थायी सरकारको दावी हाँसो उठ्दो विषय नै होला ।

तर साना र क्षेत्रीय दलहरुको निम्ति यो अस्थिरता अर्थात् गठबन्धनको संस्कृति फलदायी नै हुनेगर्छ । गणतन्त्रको स्थापनापछि मधेश आन्दोलनबाट विकसित मधेशकेन्द्रित दलहरु थोरै सीटको बावजूदपनि सरकारको हिस्सा रहीरहनु यसैको परिणाम हो । शुरुमा संसदभित्र जसरी माओवादीशक्ति भित्र जनयुद्ध र वर्गसंघर्षको जनवादी सरोकारको ऊर्जा थियो, त्यसरी नै मधेशकेन्द्रित दलहरुमा पनि मधेश आन्दोलनहरुको ऊर्जा थियो । त्यसमापनि सत्ताभित्रको संकीर्ण राष्ट्रवादी शासकीय चरित्रको उपस्थितिको कारण बेलाबेलामा तराई मधेशका जनताहरु माथी हुने विभेद र उपेक्षापूर्ण व्यवहारले पनि जनतामा आक्रोश उत्पन्न गराउने र यसैकारण मधेशकेन्द्रित दलहरुपनि सडक आन्दोलनमा देखिने गरेका थिए ।

सम्विधान निर्माणपछि र संसदिय निर्वाचन तथा प्रदेश र स्थानीय सरकारहरुको निर्वाचनपछि सबैतिर एकखालको हाइसन्चो जस्तो देखिन्छ । संसदमा बहुमत प्राप्त नगरेको स्थितिमा विगत एकवर्षमा तीनपटक सरकार फेरिइसकिएको छ । मधेशकेन्द्रित दलहरुको स्थितिलाई विगतसंग तुलना गर्ने हो पहिलोपटक (माओवादी केन्द्र र एमाले लगायतको सरकारमा) मधेशकेन्द्रित दलहरुको मूल्यांकन कमजोर देखिएको छ ।

विगतमा शीर्ष तीनदल नेका, माके, एमाले बाहेक जसपा, लोसपा लगायतका मधेशकेन्द्रित दलहरु मूख्य हुने गर्थे । त्यसले गर्दा त्यतिबेलाका गठबन्धनमा यी मधेशी दलहरुको उपस्थिति निर्णायक जस्तै हुने गर्थ्यो । तर नयाँ संसदमा रवि लामीछानेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राजतन्त्रवादी राजेन्द्र लिङ्गदेनको राप्रपाले उल्लेखनीय मत ल्याएको हुनाले तथा हमेशा दुई कट्टर प्रतिस्पर्द्धीको रुपमा देखिने माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र एमालेका अध्यक्ष केपी ओलीले मिलेर सरकार बनाएपछि मधेशकेन्द्रित पार्टीहरुको मूल्यांकन कमजोर भएजस्तै देखिन्छ । कुनै बेला आफ्नो शर्तमा गठबन्धन सरकारमा जाने गरेको जसपा अध्यक्ष उपेन्द्र यादव अहिले चौथो नम्बरको उपप्रधानमन्त्रीमा चित्त बुझाउनु परेको छ भने लोसपा लगायतका अन्य मधेशकेन्द्रित दलहरु सत्ताभन्दा बाहिर खुम्चिएको स्थिति छ । उपेन्द्र यादवले जेनतेन संघीय सरकारमा आफू समेत दुईवटा मन्त्रीपद र मधेश प्रदेशको सरकार हाललाई बचाएको देखिन्छ । यद्यपि ठूलो पार्टीको हैसियतमा एमालेले मधेश प्रदेशमा मूख्यमन्त्रीको दावी गर्न छाडेको छैन । संघीय सरकारमा समीकरणको बाध्यताको कारण यसो नहोला कि, र मधेश प्रदेशमा जसपाको सरकार नजाने सम्भावना नै बढी देखिन्छ । यद्यपि अन्य मधेशकेन्द्रित दल जस्तै जसपाको बेचैनीपनि कायम नै देखिन्छ ।

मधेशकेन्द्रित दलको समस्या भनेको एकातिर सडकमा आन्दोलनको अभाव र अर्कोतिर कदाचित माके र एमाले नेतृत्वको गठबन्धन सरकारले भने झैँ चारवर्ष सरकार चलाउन सफल भयो भने यिनीहरु लामो समयसम्म सत्ताभन्दा बाहिर रहने सम्भावना हो । मधेश आन्दोलनबाट विकसित मधेशकेन्द्रित राजनीतिक दलहरुको अर्को समस्या मधेश आन्दोलनका नागरिकता लगायतका अधिकांश एजेन्डा पूरा हुँदै जानू र जनसरोकारका विषयहरु आन्दोलन गर्न यी दलहरुमा अरुचि नै हो । अहिलेपनि मधेशकेन्द्रित दलका अधिकांश नेता र कार्यकर्ताहरु साम्प्रदायिक मधेशीराग नै गाउन बढी रुचाउँछन्, जब कि तराई मधेशको धरातलीय राजनीतिमा कयौँ नयाँ विषयहरु उत्पन्न भैसकेका छन् । जनताको जनजीवनसंग सरोकार राख्ने महँगी, बेरोजगारी, वैदेशिक रोजगारका समस्या, भ्रष्टाचार, वैदेशिक हस्तक्षेप, शिक्षा, स्वास्थ्य, आवास जस्ता विषयहरु प्रधान हुँदै गएका छन् । तर यस्ता विषयहरुमा आन्दोलन गरेमा सत्ता र सरकारसंग प्रत्यक्ष लडनु पर्ने र सत्तालाई चिढाउने जोखिम बढी भएकोले मधेशकेन्द्रित दलहरु यसबाट बच्न चाहे जस्तो देखिन्छ । तर समस्या के छ भने अब तराई मधेशको जनता खोक्रो मधेशवादी नारा सहजै पत्याउने पक्षमा देखिँदैन । यस्को सबैभन्दा सटिक उदाहरण मधेश प्रदेश सभामा सबैभन्दा ठूलो दल एमाले र नेपाली काँग्रेस हुनु हो ।

> मधेश आन्दोलनबाट विकसित मधेशकेन्द्रित राजनीतिक दलहरुको अर्को समस्या मधेश आन्दोलनका नागरिकता लगायतका अधिकांश एजेन्डा पूरा हुँदै जानू र जनसरोकारका विषयहरु आन्दोलन गर्न यी दलहरुमा अरुचि नै हो । अहिलेपनि मधेशकेन्द्रित दलका अधिकांश नेता र कार्यकर्ताहरु साम्प्रदायिक मधेशीराग नै गाउन बढी रुचाउँछन्, जब कि तराई मधेशको धरातलीय राजनीतिमा कयौँ नयाँ विषयहरु उत्पन्न भैसकेका छन् । जनताको जनजीवनसंग सरोकार राख्ने महँगी, बेरोजगारी, वैदेशिक रोजगारका समस्या, भ्रष्टाचार, वैदेशिक हस्तक्षेप, शिक्षा, स्वास्थ्य, आवास जस्ता विषयहरु प्रधान हुँदै गएका छन् । तर यस्ता विषयहरुमा आन्दोलन गरेमा सत्ता र सरकारसंग प्रत्यक्ष लडनु पर्ने र सत्तालाई चिढाउने जोखिम बढी भएकोले मधेशकेन्द्रित दलहरु यसबाट बच्न चाहे जस्तो देखिन्छ ।

परिस्थितिले के देखाएको छ भने मधेशकेन्द्रित दलहरुले आफ्ना राजनीतिक एजेन्डालाई समयमै ठीक गर्न सकेनन् भने आउने समयमा उनीहरुको स्थिति झन् खुम्चिन सक्छ । अब मधेश मात्रको नाराले नैया पार लगाउन नसक्ने कुरा यी दलहरुले अनुभूत गर्न थालेका छन् । तर आन्तरिकरुपमा गुटहरुमा बाँडिएका तथा नेता पिच्छे गूट भएको मधेशकेन्द्रित दलहरु कतिखेर फुट्ने हुन् र कतिखेर जुट्ने हुन् ठेगान हुँदैन । जनमत अध्यक्ष सीके राउतले बृषेशचन्द्र लाल नेतृत्वको तमलोपा तथा हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टीबीचको कार्यगत् एकता यस्तै अस्तित्व जोगाउने बेचैनी हो । यसरी नै कुनैबेला छवटा घटकदलबाट बनेको महन्थ ठाकुर नेतृत्वको लोसपा बाट उपेक्षित प्रभावशाली नेता राजेन्द्र महतो नयाँ बहुराष्ट्रिय राज्य र राष्ट्रीय मुक्ति क्रान्तिको नारा दिएर मधेशी राजनीतिभन्दा बाहिर आदिवासी जनजातिसंग मिलेर नयाँ राजनीतिक विकल्प खोज्दै छन् ।

एजेन्डाको स्तरमा कम्युनिस्ट विरोधी मधेश आन्दोलनबाट विकसित राजनीतिक दलहरुको विश्लेषण गर्ने हो भने यिनीहरु संसदीय राजनीतिमा कम्युनिष्ट निकट र कम्युनिस्टसंग टाढा गरी दुई खाले देखिन्छन् । बेलाबखत आफूलाई कम्युनिस्ट विरोधी भनेपनि जसपा अध्यक्ष उपेन्द्र यादव प्रायः सँधै संसदिय कम्युनिस्ट पार्टीहरुको सरकारमा हमेशा उपस्थित रहने गरेका छन् । उनले वामपक्षीय समाजवादको वकालत समेत गर्छन् । समाजवादको वकालत त राजेन्द्र महतो र डा. सीके राउतले पनि गर्छन् । तर सैद्धान्तिक र व्यवहारिक दुबैरुपमा यी दुई आफूलाई कम्युनिस्ट विरोधी अनुहार बचाउन चाहन्छन् । राजेन्द्र महतोको सामुदायिक समाजवाद होस वा डा. राउतको नौलो समावेशी गणतन्त्र यस्तै धारणा हुन् । यी सैद्धान्तिक बहसहरुको सारमा विचार गर्दा यी दुबै नेता मधेश एजेन्डाभन्दा भिन्न अन्य आदिवासी जनजातिलगायत समुदायसंग मिलेर भोटबैंक विस्तार गर्ने र प्रत्यक्षमा जे जसो होस, समानुपातिक मतको माध्यमबाट आफ्नो संसदिय स्थिति सुधार्न खोजेको जस्तो देखिन्छ ।

तर यथार्थ के हो भने मधेशकेन्द्रित पार्टीहरु जनताको जनजीवनका आधारभूत समस्यासंग आफूलाई जोडन सकेनन् र एकताबद्ध भएर धरातलीय आन्दोलनको विकास गर्न सकेनन् भने शीर्ष राजनीतिक दलहरुको मुकाबिला गर्न सक्दैनन् भन्ने तथ्य समयमै बुझ्नु राम्रो होला । होइन भने समयसंग यिनीहरु खिइँदै जानु नै यिनको भविष्य देखिन्छ । यस्को कारण के हो भने समग्र राजनीतिमा नवसाम्राज्यवादी प्रभाव जसरी बलियो हुँदै गएको छ, त्यसमा लायकको घोडा शीर्ष राजनीतिक दलहरु नै छन्, र साना र क्षेत्रीय दलको हैसियत आवश्यकता अनुसार उपयोगको मात्र हुन्छ ।

# गुणस्तरीय शिक्षा आजको आवश्यकता



माला राय

गुणस्तरीय शिक्षा भनेको जीवन उपयोगी शिक्षा हो । सामान्य अर्थमा कर्तव्यनिष्ठ, कर्मशिल, अनुशासीत, स्वावलम्बी, आत्मनिर्भर, आदर्श नागरिक तयार गर्न सकिने शिक्षा गुणस्तरीय शिक्षा हो । राष्ट्र निर्माणका लागि गुणस्तरीय शिक्षा अपरिहार्य रहेका छन् तर दुर्भाग्य अहिलेको परिवेशमा हेर्ने हो भने यहाँका अधिकांश विद्यालयहरुमा दिइने शिक्षा गुणस्तरीय छ भन्ने अवस्था छैन् । विद्यालयहरुको अवस्था दिनानुदिन धरासाहि हुँदै गइरहेको अवस्था छ । सामुदायिक विद्यालयको मुख्य बेतिथी भन्नु पर्दा विद्यालयमा शिक्षाका लागि चाहिने हरेक श्रोत साधन पर्याप्त रुपमा हुँदा हुँदै पनि शिक्षाको अवस्था खासै उपलब्धिमूलक देखिएको छैन् । जहाँ एक विद्यार्थीका लागि सरकारले वर्षेनी औसतमा १५ हजार खर्च गर्छ भौतिक व्यवस्थापन देखी लिएर हरेक सेवा सुविधा चुस्त दुरुस्त छन् त्यहीनिर शिक्षाको कुरा गर्नुपर्यो भने उपल्बधि निरासाजनक नै छन् । अभिभावक प्रेमनाथ झा भन्नछन् अधिकांश शिक्षकको ध्यान राजनीतिमा हुन्छ । सामुदायिक विद्यालयमा अत्यन्तै गरीब मजदुर किसानका बालवालिकाहरु मात्रै भर्ना हुन्छन् त्यस्ता वर्गका वालबालिकालाई मन लागे पढाउँने मन नलागे नपढाउँने त्यसमा टाउँको दुखाइको कुरै भएन कारण त आफ्नो बच्चा निजीमा पढिराखेको हुन्छ अनि निमुखा जनताका छोरा छोरी भविष्यसँग खेलवाड नै गरेपनि बोलिदिने कोही छैन्न गुनासो पोखे । त्यस्तै जनकपुरधाम बासी साहित्यकार भोगेन्द्र कर्ण भन्नछन् अनेकौ बेतिथी र चुनौतिका कारण विद्यालयका शिक्षा गुणस्तर हुन सकिरहेको छैन् । जसको प्रत्यक्ष असर व्यक्ति, समाज र राष्ट्र निर्माणमा पर्दैछन् । सामुदायिक विद्यालयमा योग्य, दक्ष, सक्षम शिक्षक भएर पनि केही शिक्षकहरु आफ्नो पेशा प्रति वफादार नभएको कारणले गर्दा विद्यालयको अवस्था दिनानुदिन दयनिय अवस्थामा गइरहेका छन् । जब सम्म आफ्नो पेशा प्रति सम्बन्धित शिक्षक समर्पित र जिम्म्बार हुँदैन तब सम्म यो अवस्था रहिरहने नै छ । नेपालको वर्तमान संविधान जारी भए पश्चात मुलुकमा तीन तहको सरकार हुँदा हुँदै पनि शिक्षाको विषयमा कानून बन्न नसक्दा बेतिथि बढिरहेका जनगुनासो छ । तीनै तहका सरकारको संरचना भएतापनि विद्यालय एवं शिक्षा प्रति खासै नियमन र यसको प्रभावकारी व्यवस्थापनमा खासै चासो दिएको देखिदैन् । एक जना अभिभावकले भने जनसंख्याको हिसाबले सबैभन्दा बढी जनसंख्या मधेश प्रदेशमा नै छन् यस्तो अवस्थामा यहाँको शिक्षाको अवस्था दयनिय हुनु आफैमा दुर्भाग्यपूर्ण हो । त्यही भएर शिक्षालाई सहि



दिशामा ल्याउँनको लागि स्थानीय सरकार, प्रदेश र संघलाई समन्वय गरी शिक्षाको व्यवस्थापन अनुगमन र नीति निर्माण गर्नु आवश्यक रहेको देखिन्छ । श्री जनता नमूना प्राविधिक माध्यमिक विद्यालय गिद्दा बेलापट्टी विदेह नपा ६ धनुषाका प्रधानाध्यापक पवन कुमार मण्डलको भनाइ छ कि कुनै पनि सामुदायिक विद्यालय राम्रो नमूना बनाउँनको लागि प्र.अ.को भूमिका महत्वपूर्ण हुन्छन् । आफु स्वयं प्र.अ. भएको हुँनाले पनि र आफनो विद्यालय राम्रो बनाउँनको लागि अहिले सम्म कुनै पनि कसर नछोडेको र अहिले देशकै तेश्रो स्थानमा जनता नमुना प्राविधिक माध्यमिक विद्यालय भएको र अहिले सम्म आफुलाई लागेको अनुभवको आधारमा विद्यालयको अभिभावक प्र.अ. भएको हुँनाले विद्यालयलाई कसरी राम्रो बनाउँने शिक्षकलाई कसरी प्रभावकारी बनाउँने यी सम्पूर्ण जिम्मेवारी प्र.अ. को हुन्छन् । त्यही भएर यदि प्र.अ.ले व्यवस्थापनमा र आ-आफनो ठाउँमा शिक्षक आफ्नो पेशाप्रति जिम्मेवार भईदियो भन्ने काफी हदसम्म शिक्षामा सुधार ल्याउँन सकिन्छ । प्र.अ. मण्डलले भने सामुदायिक विद्यालयको शिक्षा खस्किनुको मुख्य कारण विद्यालयमा दलिय रुपमा खठा हुनु पनि हो । यी कुाराहरुको अनत्य भई दियो भने पक्कै पनि सामुदायिक विद्यालयको अवस्थामा सुधार ल्याउँन सकिन्छ । हरेक सामुदायिक विद्यालयको अवस्था अर्थात त्यहा दिइने शिक्षा दिक्षाको अवस्था कमजोर छ भन्न मिल्दैन् । धेरै यस्ता सामुदायिक विद्यालय पनि छन् जहाँ प्रभावकारी सिकाइ हुन्छन् । समुदायकै नमूना विद्यालय बन्न सफल भएका छन् । अभिभावको विश्वास जित्न सफल भएका छन् । गिन्तीको आधारमा अहिले समुदायिक नमूना विद्यालयहरु देखिन्छ । प्रभावकारी सिकाइ विद्यार्थी केन्द्रित शिक्षण क्रियाकलाप हरेक सामुदायिक विद्यालयमा हुनुपर्दछ । हरेक सामुदायिक विद्यालय समुदायकै नमूना विद्यालय बनाउँनुपर्ने जोडदार माग र अभियान चलाउँनुपर्दछ ।

सामुदायिक विद्यालयको शिक्षा गुणस्तरीय भई दियो भने कुनै पनि श्रमजिवी, मजदुर, किसान दुख-कष्ट जोहो गरेर आफ्ना बालबालिकालाई निजी विद्यालयमा पढाउँनुपर्ने बाध्यता रहदैन । त्यही भएर पनि विद्यालयको शिक्षा कसरी सुधार गर्न सकिन्छ विद्यालयमा विद्यार्थी ल्याउँनु भन्दा पनि आफ्नो विद्यार्थीलाई कसरी कक्षामा टिकाउँने त्यता तर्फ ध्यान दिनु अहिलेको परिवेशमा आवश्यक देखिन्छ ।

# जनअपेक्षा पूरा गर्न नयाँ गठबन्धनः मन्त्री भण्डारी

**टुडे समाचारदाता**

बैतडी । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले जनअपेक्षा पूरा गर्नका लागि नयाँ गठबन्धन निर्माण भएको बताएका छन् । नेपाल कम्युनिष्ट पार्टी (एमाले) बैतडीको नवौं जिल्ला अधिवेशनको सोमबार पाटनमा उद्घाटन गर्दै मन्त्री भण्डारीले जनताको निराशालाई आशामा बदल्न नयाँ गठबन्धनको आवश्यकता महसुस गरिएको बताए ।



उनले भने, "राष्ट्रिय चुनौतीलाई एकतामा बदल्न एमाले सफल भएको छ । जनअपेक्षा पूरा गर्न हामी सरकारमा गएका हौं । जनताको शिर झुक्ने गरी काम गरिने छैन । बैतडी र सिङ्गो सुदूरपश्चिमलाई केन्द्रमा राखेर काम गरिनेछ ।"

देश निर्माणका लागि अहिलेको गठबन्धन बनेको बताउँदै मन्त्री भण्डारीले चुनौतीलाई अवसरमा बदल्नु आवश्यक रहेको बताए । उनले भने, "देश सङ्कटपूर्ण अवस्थामा छ । सरकारमा रहुञ्जेल यसलाई स्वर्णिम अवसरका रूपमा लिएका छौं ।

जनताको पक्षमा काम गर्ने प्रतिबद्धता जनाउँछौं ।"राजनितिक शक्ति सुन्तुलनका आधारमा देशमा परिवर्तन आएको भन्दै मन्त्री भण्डारीले पार्टी 'मिसन-८४' मा हिँडेकाले सबैले एकताबद्ध भएर लाग्नुपर्नेमा जोड दिए ।

# पार्टीले एक ढिक्काका साथ अध्यक्षको उम्मेदवार बनाएको छः सांसद शर्मा



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका तर्फबाट राष्ट्रियसभाको अध्यक्ष पदका उम्मेदवार युवराज शर्माले आफ्नो लामो राजनीतिक यात्रा र भूमिकाका कारण पार्टीले एक ढिक्काका साथ अध्यक्ष पदका लागि उम्मेदवार बनाएको बताए ।

सङ्घीय संसद् भवन नयाँ बानेश्वरमा सोमबार अध्यक्ष पदमा उम्मेदवारी दर्ता गरेपछि सञ्चारकर्मीको जिज्ञाशामा उनले आफू प्रतिस्पर्धीभन्दा राजनीतिक र शैक्षिक योग्यताका हिसाबले अब्बल रहेको दाबी गरे । उनले आफू अध्यक्षमा निर्वाचित भएमा संसदीय प्रणाली र पदको गरिमा बढाउने ढङ्गबाट कार्यसम्पादन गर्ने बताए ।

उम्मेदवार शर्माले भने, "लोकतन्त्रमा कसैको जित वा हार हुँदैन । सबै जित्छन्, सबै हार्छन् । निर्वाचन लोकतन्त्रको सुन्दर पक्ष हो, पार्टीले आफ्नो उम्मेदवारीको निर्णय पहिलो पटक गरेकाले अर्को को उम्मेदवार भन्ने प्रश्न हुँदैन ।"

उनले आफू मुलुकमा प्रजातन्त्र स्थापनाको आन्दोलनका क्रममा २०२४ सालमा जेल परेको, २०२७ सालमा नेपाल विद्यार्थी सङ्घको संस्थापक सदस्य रहेको, २०२५ सालमा बिपी कोइरालासँग प्रशिक्षण लिएको, कांग्रेसका वर्तमान सभापति शेरबहादुर देउवा नेविसङ्घको सभापति हुँदा उपसभापतिको जिम्मेवारीमा रहेको बताए । विसं २०३३ मा जिल्ला समिति सदस्य, २०४५ सालमा बाँके जिल्लाको पार्टी सभापति, लोकतन्त्रका लागि भएको सबै आन्दोलनमा नेतृत्वदायी भूमिका रहेको जानकारी दिए । पाँच दशक लामो राजनीतिक यात्रापछि राष्ट्रियसभामा दुई वर्षअघि प्रवेश गरेको र त्यस अनुभवका आधारमा पार्टीले अध्यक्षका उम्मेदवार बनाएको प्रतिक्रिया दिए ।

# विपक्षमा मतदान गर्न कांग्रेसद्वारा सांसदलाई निर्देशन




**टुडे समाचारदाता**

काठमाण्डु । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रस्ताव गर्नुहुने विश्वासको मतको विपक्षमा मतदान गर्न आफ्ना पार्टीका सांसदहरुलाई निर्देशन (ह्विप) जारी गरेको छ ।

कांग्रेस प्रमुख सचेतक रमेश लेखकले सोमबार विज्ञप्तिमार्फत यही फागुन ३० गते विहान ११ बजे बस्ने प्रतिनिधिसभाको बैठकमा आफ्ना सांसदहरुलाई अनिवार्य उपस्थित हुन र उक्त प्रस्तावको विपक्षमा मतदान गर्न निर्देशन जारी गरेका हुन् ।

प्रधानमन्त्री दाहालले यही फागुन ३० गते विहान ११ बजे बस्ने प्रतिनिधिसभाको बैठकमा आफूमाथि प्रतिनिधिसभाको विश्वास छ भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने कार्यतालिका छ ।

# दीर्घकालीन असर गर्ने निर्णय नगर्न एमालेको आग्रह

**टुडे समाचारदाता**

गण्डकी । नेकपा (एमाले) गण्डकी प्रदेशसभा संसदीय दलले दीर्घकालीन असर गर्ने निर्णय नगर्न गण्डकी प्रदेश सरकारलाई आग्रह गरेको छ । दलका प्रमुख सचेतक गोविन्दबहादुर नेपालीले आइतबार बसेको दलको बैठकले सो निर्णय गरेको जानकारी दिए ।

"सरकार अल्पमतमा परेर काम चलाउको अवस्थामा परिणत भइसकेकाले दीर्घकालीन असर पर्ने खालका कुनै पनि निर्णय नगर्न सचेत गराइएको छ", उनले भने । बैठकले परिवर्तित अवस्थामा दलका तर्फबाट आवश्यक संवाद र समन्वयका लागि दलका नेता खगराज अधिकारीलाई जिम्मा दिने निर्णय गरेको छ ।

गण्डकी प्रदेशमा नयाँ सरकार निर्माणका प्रक्रियामा सहज र स्वभाविक राजनीतिक निकासका लागि वातावरण तयार गर्न सम्बद्ध सबै पक्षलाई आह्वान गर्ने निर्णय बैठकले गरेको प्रमुख सचेतक नेपालीले बताउनुभयो । नेकपा (माओवादी केन्द्र)ले समर्थन फिर्ता लिएसँगै नेपाली कांग्रेस नेतृत्वको गण्डकी प्रदेश सरकार अल्पमतमा परेको छ ।

# योगादनस्वरुप अध्यक्षको उम्मेदवार बनेको हुँः सांसद दाहाल



**टुडे समाचारदाता**

काठमाण्डु।सत्तागठबन्धनका तर्फबाट राष्ट्रियसभाको अध्यक्ष पदका उम्मेदवार नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद नारायण दाहालले पार्टीमा आफूले दिएको योगदान र जिम्मेवारीका आधारमा उम्मेदवारी दिएको बताएका छन् ।

अध्यक्ष पदमा उम्मेदवारी दर्ता गरेपछि सञ्चारकर्मीको जिज्ञासामा उनले भने, "सामान्यतः प्रदेशको सह-इञ्चार्जको जिम्मेवारीमा जाँदासमेत पार्टी अध्यक्ष पुष्पकमल दाहाल ' प्रचण्ड'को परिवारसँग जोडेर हेर्ने गरिन्थ्यो, यो आरोप पहिलो पटक होइन ।" आफू विसं २०३६ देखि राजनीतिक गतिविधिमा लागेकामा त्यो योगदानबारे थाहै नपाएका पक्षले आफूमाथि आरोप लगाएको जनाउँदै उहाँले भूमिका नै नबुझी यसरी बारम्बार प्रश्न गर्दा कति न्याय होला भनी प्रश्न गरे ।

"त्यसबेला यदि दाजुभाइको नाता लगाउनेले युद्धमा हिँड्दा दाइ हिँडेको छ, परिवारका सबै किन हिँड्नु पर्‍यो भनी किन प्रश्न नगरेको ?", उम्मेदवार दाहालले प्रश्न गरे । त्यसबेला युद्धमा नलाग्दा आफ्नो परिवार बचाउन लाग्यो भन्ने नेतृत्वलाई लाञ्छना लाग्ने गरेको उनले सुनाए ।

"मैले आफ्नो योगदानअनुसारको जिम्मेवारी पाउन लागेको छु, सिङ्गो पार्टी पङ्क्तिले एकमतका साथ मलाई उम्मेदवार बनाउने निर्णय गरेको छ, यसलाई अन्यथा लिन मिल्दैन", दाहालले भने ।

# राजनीतिक निकास दिन माओवादीको आग्रह

**टुडे समाचारदाता**

गण्डकी । नेकपा (माओवादी केन्द्र) गण्डकी प्रदेशसभा संसदीय दलले गण्डकी प्रदेशको सत्ता-राजनीतिमा देखिएको अन्योलता हटाएर सहज राजनीतिक निकास दिन दलहरुलाई आग्रह गरेको छ ।

दलको सोमबारको बैठकले परिवर्तित सन्दर्भमा नयाँ सरकार निर्माण प्रकृयामा सहज र स्वभाविक राजनीतिक निकासका लागि सहयोग गर्न दलहरुलाई आह्वान गर्ने निर्णय गरेको प्रमुख सचेतक कुसुम बुढा पुनले जानकारी दिए । "बैठकले गण्डकी प्रदेश सरकार कामचलाउको अवस्थामा परिणत भइसकेकाले दीर्घकालीन असर पर्ने निर्णय नगर्न र कामकारवाही अगाडि नबढाउन सरकारलाई सचेत गराउने निर्णय गरेको छ", उनले भने । सो बैठकले माओवादी केन्द्रका तर्फबाट अन्य राजनीतिक दल र पक्षसँग आवश्यक संवाद तथा समन्वयका लागि दलका नेता हरिबहादुर चुमानलाई जिम्मा दिने निर्णय गरेको छ ।

माओवादी केन्द्रले यही फागुन २३ गते समर्थन फिर्ता लिएसँगै कांग्रेस नेतृत्वको गण्डकी प्रदेश सरकार अल्पमतमा परेको छ । त्यसअघि फागुन २२ गते मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले माओवादी केन्द्रका दुई मन्त्रीलाई पदमुक्त गरेका थिए । केन्द्रमा सत्ता समीकरण फेरिएसँगै गण्डकी प्रदेश सरकारमा पनि त्यसको असर देखिएको हो ।

# सत्तामा हुँदा ठीक, प्रतिपक्षमा रहँदा सबै बेठीक भन्ने सोच गलत छः सांसद कल्पना चौधरी

काठमाण्डु । 'माननीय' भएको करिब डेढ वर्ष हुन लाग्यो । केही पक्कै गर्लान् भनी जनताले जिताएर पठाएका थिए । यस अवधिमा सत्ताको तानातान र लुँछाचुँडीमै अल्झिन परेको छ । यसबीचमा उल्लेख गर्न लायक केही नै काम भएनन् । एक वर्षमा जम्माजम्मी दुई वटा मात्र विधेयक पारित भए । सत्ताको फोहोरी खेलले केही गर्नै सकिएन । राष्ट्रपति, प्रधानमन्त्री, उपराष्ट्रपति, सभामुख चयन तथा मन्त्रिपरिषद् र संसदीय समिति गठनमै धेरै समय बितिसके । प्रारम्भमा केही दिन सदन चले तापनि त्यसक्रममा केही दल र नेताबीच मन्त्री र समिति पदाधिकारी बन्ने होडबाजीले सदनको कारबाही प्रभावित तुल्यायो । कतिपय नेता पद नभई बस्नै नसक्ने भद्रगोल र बेथितिजस्तो देखियो । त्योक्रम अहिलेसम्म नै चलिरहेको छ ।

मुलुकमा भएको विकृति र विसङ्गति अन्त्य गर्दै राजनीतिक निकास दिन्छौं भनी उच्च मनोभावकासाथ हामी सदनमा गएका थियौं । तर डेढ वर्ष बितिसक्दा त्यो गर्न सक्ने स्थिति नै देखिएन । मौका पाइएन । संसदमा अहिले नेपाली कांग्रेस मुलुकको सबैभन्दा पुरानो र ठूलो लोकतान्त्रिक दलका रुपमा उपस्थित छ । कांग्रेस जनआकाङ्क्षा बुझेर काम गर्ने, सदनमा प्रतिनिधित्व गर्ने, अरु दललाई अवसर दिने र मिलाएर जाने भूमिकामा थियो । तर देशको राजनीतिक उथलपुथलले त्यो भूमिका र अवसर दिएन । प्रमुख प्रतिपक्षबाट लामो समयसम्म सदन अवरुद्ध भयो । सदन नियमित चल्न सकेन । यसबीचमा दलीय राजनीति झगडाका कारण सदन लोकदोहोरी खेल्ने थलोजस्तो बन्न पुग्यो ।

निर्णायक तहमा रहेका नेताहरुको बोली र व्यवहारमा एकरुपता देखिएन । थोरै, हुने र गर्न सक्ने विषयमा मात्र बोल्ने अभ्यास पार्टीमा भएन । कतिपय दलले जनतालाई अल्मल्याउन देशको क्षमताभन्दा बाहिर गएर ठूला कुरा र एजेण्डा फ्याँकी दिने गरेको पनि देखियो । यो सर्वथा गलत थियो । बेथितिको अन्त्य गर्दै मुलुकलाई ठीक बाटोबाट अघि बढाउने प्रयास भइरहेका बेला अहिले फेरि अचानक सरकार परिवर्तनको खेलले जनतालाई निराश तुल्याएको छ । आफू सत्तामा हुँदा सबै ठीक, प्रतिपक्षमा रहँदा बेठिक भन्ने सोच र बुझाइले सदनलाई प्रभावकारी तुल्याउने वातावरण नै बन्न सकेन ।

देशका सबैखाले चुनौतीलाई पार लगाएर अघि बढ्नुपर्ने प्रमुख राजनीतिक शक्ति नेपाली कांग्रेस, नेकपा(एमाले) र नेकपा (माओवादी केन्द्र)का नेताले एउटा पार्टीको आन्तरिक राजनीतिक जीवनमा उठेका विषयलाई लिएर अचानक सम्बन्ध टुटाउने कार्य लोकतन्त्रमा सुहाउँदो विषय बन्न सक्दैन । नीति, नियम, नैतिकता र सिद्धान्त अनुसरणमा लोकतान्त्रिक भनिएकै राजनीतिक दलहरुचुकेका देखिन्छन् । राजनीतिक दल भएपछि सरकारभन्दा बाहिर रहेर पनि जनताका काम गर्न सकिन्छ । गर्नुपर्छ । हामीले अप्ठेरोमा परेका जनतालाई निकास दिने काम गर्न सक्नुपर्छ । रोजगारी र अध्ययनका नाममा विदेश पलायन हुन लागेका युवा र विद्यार्थीलाई स्वदेशमै असर प्रदान गर्नेतर्फ दीर्घकालीन कार्यनीति र रणनीति तयार गरिनुपर्छ ।

मुलुकमा राजनीतिक स्थिरता होस्, समृद्धि छाओस् भन्ने दृष्टिकोणले नेपाली कांग्रेस ठूलो दल भए पनि तेस्रो दलको नेतृत्वलाई स्वीकार गर्दैआएको हो । नयाँ सोच र कार्ययोजना कार्यान्वयनले गति लिनासाथ फ्याट्ट सरकार परिवर्तन हुँदा सबै लथालिङ्ग र भताभुङ्ग हुन पुग्छ । अस्थिर राजनीतिले मुलुकको भविष्य अन्धकार बनाउँछ भन्ने पक्षलाई परिवर्तनकारी शक्तिबीच गम्भीर मन्थन हुन आवश्यक छ । नेताहरुको बोलाइ एउटा गराइ अर्को हुनुभएन । जनतालाई यो र त्यो गर्दिन्छौं भनी ठूला-ठूला आश देखाउँछौं, सत्तामा पुगेपछि मेरो, आफ्नो र म मै मात्र सीमित हुन्छौ ।

यसबीचमा सुन तस्करी, वाइडबडी जहाज खरिद, पशुपतिनाथ मन्दिरको जलहरी, ललिता निवास जग्गा प्रकरण र झापाको चिया बगानमा भ्रष्टाचारका कुरा जोडतोडले निस्कियो । खोइ कहाँ, कसलाई कारबाही भयो त ? सरकार हाँक्ने राजनीतिक नेतृत्व भ्रष्टाचार न्यूनीकरण र सुशासन प्रवर्द्धनमा दृढ एवम् कठोर भएमा कसैले पनि गलत कार्य गर्न हिम्मत गर्दैन । त्यो खाले नेतृत्वको मुलुकमा अभाव छ । एकले-अर्कोलाई आरोप र प्रत्यारोपमै देशको राजनीति अल्मलिएको छ । त्यसले सुशासन प्रवर्द्धनमा चुनौती खडा गरेको छ ।

सरकारले सन्तुलितरुपमा बजेट विनियोजन नगरिदिँदा विधायकले बैठकै छाडेर विकास निर्माणका फाइल बोकेर मन्त्रालयको कोठा र चोटामा धाउन परेको छ । निर्वाचनका बेला वचनबद्ध गरेर आएकाले निर्वाचन क्षेत्रमा लथालिङ्ग अवस्थामा रहेका आयोजना सञ्चालनका लागि पहल गर्नु एउटा सांसदको जिम्मेवारी र कर्तव्य हुन आउँछ । त्यो बाध्यताले धाउन परेको हो । 'माननीय'ले हात जोडेर मन्त्रालयका कर्मचारीलाई आयोजनाका लागि बजेट पार्न हारगुहार गर्नुपर्ने अवस्था अन्त्य गरि नुपर्छ । सुनसरीमा शिक्षामा सुधार ल्याउन विद्यालय भवन निर्माण र महिला शिक्षा प्रवर्द्धन र स्वरोजगार तुल्याउन सीपमूलक तालिमलाई प्राथमिकतामा राखिनुपर्छ भन्नेमा म लागिपरेको छु ।

महिला सांसद भएकै कारण सदनमा बोल्न नपाएको अवस्था भने छैन । बरु राष्ट्रिय मुद्दामा हुने छलफल र बहसमा तपाईंले भाग लिनै पर्छ भनी प्रमुख सचेतकले प्रोत्साहित गरेका घटना थुप्रैछन् ।

> "सरकारले सन्तुलितरुपमा बजेट विनियोजन नगरिदिँदा विधायकले बैठकै छाडेर विकास निर्माणका फाइल बोकेर मन्त्रालयको कोठा र चोटामा धाउन परेको छ । निर्वाचनका बेला वचनबद्ध गरेर आएकाले निर्वाचन क्षेत्रमा लथालिङ्ग अवस्थामा रहेका आयोजना सञ्चालनका लागि पहल गर्नु एउटा सांसदको जिम्मेवारी र कर्तव्य हुन आउँछ ।

युवा विद्यार्थीको ठूलो संख्या विदेश पलायन हुने अवस्था सिर्जना हुनुमा मुलुक हाँक्ने जिम्मेवारीमा रहेका प्रमुख दलका नेताहरु नै प्रमुख जिम्मेवार हुन् । उहाँहरुले मुलुकमा राजनीतिक स्थिरता प्रदान गर्ने सवालमा चुक्नुभएको छ । नेताहरुमा देश विकासको स्पष्ट मार्गचित्र र दुरदृष्टि नहुँदा सत्ताको तानातानमै राजनीति रुमलिन पुगेको छ । परिवार धान्नकै लागि कैयौं युवा विदेशी भूमिमा युद्ध लडिरहेका छन् । यस्तो अवस्थामा पनि सबै दललाई सत्ता र नेतालाई कुर्सी चाहिएको छ । यो पाटोलाई नेताहरुले गम्भीरतापूर्वक सोच विचार गर्न जरुरी छ । देश छाडेर भाग्दा कसैको पनि हित हुँदैन । आफ्नो हात पाखुरा नखियायी केही हुन्न । विदेशगएकायुवायुवती फर्कनुस् । भ्रष्टाचार विरुद्ध आवाज उठाऔं । युवाले नै देशलाई निकास दिनुपर्छ । तपाईंहरु अघि बढ्नुस् हामी साथ र सहयोग दिन्छौं ।

विसं २०४६ को जनआन्दोलनसँगै राजनीतिमा प्रवेश गर्नुभएकी नेपाली कांग्रेसकी नेत्री चौधरी सुनसरी जिल्ला इटहरी-८का स्थायी बासिन्दा हुनुहुन्छ । मुलुकमा राजनीतिक परिवर्तन र लोकतन्त्र बहालीका लागि भएका आन्दोलनमा सक्रिय सहभागिता जनाउनुभएकी उहाँसँग नेपाली कांग्रेस महिला सङ्घ जिल्ला सभापति र विसं २०७०मा संविधानसभा सदस्य भएर काम गरेको अनुभव छ । गएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीमा थारु समूह क्लस्टरबाट निर्वाचित सांसद कल्पना चौधरी विसं २०७५ देखि कांग्रेसको केन्द्रीय सदस्य हुनुहुन्छ ।रासस



# रूसी राष्ट्रपतीय निर्वाचन : पुटिनसँगको प्रतिस्पर्धामा तीन नयाँ अनुहार



**एएफपी**

मस्को । युक्रेनमा रूसको चुनावी अभियानका कारण उत्पन्न उथलपुथलका बावजुद रूसमा आगामी शुक्रबारदेखि आइतबारसम्मराष्ट्रपतिकोनिर्वाचन हुँदैछ ।

निर्वाचनले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई थप छ वर्षको कार्यकालका लागि अनुमोदन गर्नेमा कुनै शङ्का छैन । चुनावी अभियानमा युक्रेन आक्रमणको विपक्षमा रहेका बोरिस नादेज्दिन र येकातेरिना डन्टसोभाले आफ्नो उम्मेदवारीको समर्थनमा दशौं हजार हस्ताक्षर सङ्कलन गर्दै उम्मेदवारीको घोषणा गरेका थिए तर उनीहरूको उम्मेदवारी अस्वीकृत भएको छ ।

पुटिनबाहेक राष्ट्रवादी कन्जरभेटिभ लिओनिद स्लट्स्की, कम्युनिस्ट पार्टीका निकोलाई खारिटोनोभ र प्रसिद्ध व्यापारी भ्लादिस्लाभ दाभानकोभ गरी तीन जना पुटिनसँगको प्रतिस्पर्धामा रहेका छन् । तीनै जनाले युक्रेनविरूद्ध भइरहेको रूसको आक्रमणलाई समर्थन गरेका छन् ।त्र

ेमलिनका आलोचकहरूले यी तीन उम्मेदवारको भूमिका विपक्षीहरूलाई दमन गरी पाखा लगाइएको वा देशभित्र उनीहरूको राजनीतिक भूमिका नै अन्त्य गरिएको समयमा मतदानमा बहुलवादी रङ भर्ने र पुटिनविरोधी आलोचनालाई कमजोर पार्ने रहेको औंल्याएका छन् ।स्वतन्त्र पर्यवेक्षकहरूले पनि मतदानमा धाँधली, मतपत्रमा अनियमित रूपमा गैर-मतदाताबाट छाप हान्ने र यथास्थितिलाई समर्थन गर्न राज्यका लाखौं कर्मचारीहरूलाई प्रयोग गर्ने जस्ता कार्यहरू हुनसक्ने बताएका छन् ।

करिब एक महिना पहिले जेलमा मृत्यु भएको भनिएका विपक्षी नेता एलेक्सी नभाल्नी र उहाँकी पत्नी युलिया नाभाल्नायाले आह्वान गरेअनुसार नेता पुटिनको कार्यकाललाई लम्ब्याउन गरिने ‘ तथाकथित निर्वाचन’को विरोधमा कुनै विरोध प्रदर्शन हुन सक्छ कि सक्दैन अहिले विश्वको ध्यान त्यसतर्फ गएको छ ।

गत महिना मस्कोमा नभाल्नीको अन्त्येष्टिमा हजारौं समर्थकले सरकार विरोधी नारा लगाएका थिए ।नभाल्नीकीको मृत्युका कारण शोकमा रहेकी उहाँकी पत्नीले आफ्ना समर्थकलाई आइतबार स्थानीय समयअनुसार बिहान ९ बजे मतदान केन्द्रमा आएर पुटिनबाहेक अरुलाई मतदान गरेर वा मतपत्रमा ‘नाभाल्नी’ लेखेर मतदान रद्द गर्दै विरोध गर्न आग्रह गर्नुभएको छ ।

निर्वाचनको परिणाममा कुनै शङ्का नभए पनि पुटिनको आन्तरिक र अन्तर्राष्ट्रिय वैधतालाई मजबुत बनाउन सरकारले कडा अभियान चलाइरहेको छ । युक्रेनमा रूसी आक्रमणको सफलताका र विपक्षीहरूको आवाज दमनमा परेको समय भएकोले नेता पुटिन अहिले सहज स्थितिमा रहनुभएको छ । कीएभका लागि पश्चिमी समर्थन र रूसविरूद्धको व्यापक प्रतिबन्धहरूको बावजुद रूसी अर्थव्यवस्था लचिलो साबित भएको छ ।

पुटिनले हालैका हप्ताहरूमा सञ्चारमाध्यममा उपस्थिति बढाउनुभएको छ। विद्यार्थीहरूलाई भेट्नुभएको छ । कारखानाहरूमा पुगी श्रमिकहरूको मन जित्ने कोशिश गर्दै उनीहरूको लाभका लागि व्यापक आश्वासन दिनुभएको छ ।

यद्यपि, रूसी राष्ट्रपतिले करिब २५अघि सत्तामा आएदेखि अहिलेसम्म चुनावी बहसमा भाग लिनुभएको छैन र अहिले पनि यो सम्भावना छैन ।

गत महिना ‘स्टेट अफ द नेसन’को भाषणमा राष्ट्रपति पुटिनले विद्यालय र पूर्वाधारको आधुनिकीकरण, गरिबी निवारण, वातावरण संरक्षण र प्रविधिको विकासका लागि अर्बौं रुबल प्रदान गर्दै बजेट प्रतिबद्धताको लामो शृ्त लाको घोषणा गर्नुभएको थियो । कम्तीमा सन् २०३० सम्मका लागि सरकारको योजना सार्वजनिक गरिएको सम्बोधनमा पुटिनले रूसको एकता र विकासमा जोड दिनुभएको छ ।

यद्यपि युद्धपछि पनि रूसी अर्थव्यवस्था अपेक्षा गरेभन्दा सहज अवस्थामा देखिएको भएपनि धेरै रूसीहरू युक्रेनविरूद्धको अभियानले उत्पन्न अस्थिरताको बारेमा चिन्तित छन् भने विशेष गरी खाद्यान्नलगायत उपभोग्य वस्तुको बढ्दो मूल्यप्रति चिन्तित छन् । युक्रेन युद्धमा हजारौं युवा लडिरहेका वा मृत्यु भएका कारण श्रमको अभाव बढेको छ भने लाखौं अन्य मानिसहरू द्वन्द्वको विरोध गरेका कारण वा सैन्य सेवाबाट बच्न विदेश पलायन भएका छन् ।

आफ्ना प्रियजनलाई मोर्चाबाट फर्कन दिइयोस् भन्ने माग गर्दै आएका सैनिकका पत्नीहरूले हालैका महिनाहरूमा गरेको प्रदर्शनमा अधिकारीहरूले निकै कडाइ गरेका छन् ।देशभरि देशभक्तिका पोस्टरहरू टाँसिएको छ, जसमा रूसीहरूलाई मतदान गर्न आह्वान गरिएको छ ।चुनावी पोस्टरमा युक्रेनमा रूसी सेनाले प्रयोग गरेको ‘भी’ चिन्ह र ‘सँगै हामी बलियो छौं’ भन्ने नारा छापिएको छ र भनिएको छ, “आउनुहोस् रूसको लागि मतदान गरौं !”पुटिनले गत डिसेम्बरमा मतदानमा सम्भावित ‘विदेशी हस्तक्षेप’ बारे चेतावनी दिँदै ‘कडा प्रतिक्रिया’ दिने प्रतिवद्धता जनाउनुभएको थियो ।

गत साता रूसी प्रशासनले अमेरिकी राजदूत लिन ट्रेसीलाई बोलाएर अमेरिकी आर्थिक सहयोगमा सञ्चालित गैरसरकारी संस्थाहरूले निर्वाचनबारे ‘गलत सूचना फैलाएको’ आरोप लगाएको थियो ।जारी द्वन्द्वका बीच रूसी अधिकारीहरूले सामान्य अवस्था प्रस्तुत गर्न खोजेको विरोधाभासको सङ्केतको रूपमा युक्रेनको रूसी नियन्त्रित क्षेत्रहरूमा मतदान हुनेछ ।रूसले सन् २०२२ मा युक्रेनका चार क्षेत्रलाई एकतर्फी रूपमा आफ्नो कब्जामा लिएको घोषणा गरेको थियो ।

अहिले रूसी कब्जामा लिइएका स्थानीय बासिन्दालाई धम्की र हिंसाको सिकार बनाइँदैछ र उनीहरूलाई मतदान गर्न बाध्य पारिदै गरिएको आरोप कीएभले लगाएको छ ।

मस्कोले मतदानका लागि अनावश्यक दमन र हिंसाको खेल खेलिएको भन्ने युक्रेनी आरोपको खण्डन गर्दै आएको छ ।युक्रेनमा तैनाथ रुसी सैनिकले तत्काल रूसी निर्वाचनका लागि मतदान गर्ने वातावरण भने देखिएको छैन ।

# पहिलो पटक अन्तरनगर महिला कबड्डी

**टुडे समाचारदाता**



काठमाण्डु । भक्तपुर नगरपालिकाले नेपालमै पहिलोपटक आयोजना गर्न लागेको अन्तरनगर महिला कबड्डी प्रतियोगितामा सातवटै प्रदेशबाट १७ वटा नगरपालिकाले प्रतिस्पर्धा गर्ने भएका छन् ।

नगरपालिकाले सोमबार आयोजना गरेको पत्रकार सम्मेलनमा नगर प्रमुख सुनील प्रजापतिले यही फागुन २९, ३०, चैत १, २ र ३ गतेसम्म भक्तपुरको सहिद स्मृति खेल मैदानमा आयोजना गर्ने उक्त प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको बताए ।

प्रतियोगिता सम्पन्न गर्न नगर प्रमुख प्रजापतिको संयोजकत्वमा एक सय ५१ सदस्यीय मूल समिति र ११ वटा उपसमिति गठन गरी तयारी गरेको प्रतियोगिताको नेपाल मजदूर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले उद्घाटन गर्ने पत्रकार सम्मेलनमा जानकारी दिइएको छ ।

अखिल नेपाल कबड्डी सङ्घबाट मान्यता प्राप्त कबड्डी प्रतियोगितामा देशका विभिन्न १७ वटा नगरपालिकाबाट भाग लिन नाम दर्ता गराइसकेको बताउँदै नगर प्रमुख प्रजापतिले भने, “नेपालमै पहिलोपटक अन्तर नगर महिला कबड्डी प्रतियोगिताको आयोजना गर्ने भएका छौं, प्रतियोगितामा प्रथम हुने टिमलाई रु एक लाख ५० हजार, दोस्रोलाई रु एक लाख, तेस्रो र चौथोलाई रु ५०/५० हजार प्रतिटिमलाई नगद पुरस्कारको व्यवस्था गरेको छ ।

साथै सहभागी खेलाडी र अफिसियललाई खाने र बस्ने व्यवस्था पनि गरेका छौं ।”

पत्रकार सम्मेलनमा नगरप्रमुख प्रजापतिले निर्वाचनमा जनताबीच गरेको प्रतिबद्धताअनुसार भक्तपुर नगरपालिकाले प्रत्येक वर्ष अन्तर नगर खेलकुद प्रतियोगिता आयोजना गर्दै आएको बताउँदै नगरपालिकाले पहिलो वर्ष भलिबल, दोस्रो वर्ष कराते, तेस्रो वर्ष एथ्लेटिक्स, चौथो वर्ष बुद्धिचाल, गत वर्ष खो खो खेलको प्रतियोगिता सफलताका साथ सम्पन्न गरेको र यस वर्ष महिला कबड्डी प्रतियोगिता पनि भव्यरुपमा सम्पन्न गर्ने बताए ।

प्रतियोगिताका लागि नगरपालिकाले रु ३५ लाख बजेट विनियोजन गरेको उनले सुनाए ।

पत्रकार सम्मेलनमा नगरपालिका युवा तथा खेलकुद समितिका संयोजक एवं भक्तपुर नपा वडा नं १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले प्रेस विज्ञप्ति वाचन गर्दै प्रतियोगिता सुरु हुनु अगाडि बिहान १० बजे दत्तात्रय प्राङ्गणबाट र्‍याली सुरु भई तचपाल, इनाचो, सुकुलढोका, टौमढी, नासमना, भार्वाचो, दूधपाटी हुँदै नगरको मुख्य बजार परिक्रमा गरी सहिद स्मृति खेल मैदानमा पुगेर उद्घाटनसत्रमा परिणत हुने बताए ।

# इन्डोनेसियामा बाढी र पहिरोमा परी मृत्यु हुनेको संख्या २६ पुग्यो

**सिन्ह्वा**



जकार्ता । इन्डोनेसियाको पश्चिम सुमात्रा प्रान्तमा बाढी र पहिरोबाट मर्नेहरूको संख्या २६ पुगेको राष्ट्रिय विपद् न्यूनीकरण निकाय (बीएनपीबी) ले सोमबार बताएको छ ।

उद्धारकर्मीहरूले माटो र भग्नावशेषमा ११ जना बेपत्ता मानिसहरूको खोजी गरिरहेका छन् ।

विपद् न्यूनीकरण निकायका प्रवक्ता अब्दुल मुहारीले प्रकोपबाट कम्तिमा ३९ हजार मानिस प्रभावित भएको र एजेन्सीले स्थानीय अधिकारीहरूसँग मिलेर विपद् न्यूनीकरणलाई गति दिन र प्रभावितलाई सहायता वितरण गर्न काम गरिरहेका बताउनुभयो । गत बिहीबार भारी बर्षासँगै आएको बाढी, पहिरो र डुबानका कारण हजारौं घर र सार्वजनिक क्षेत्रहरू डुबानमा परेका थिए ।

उक्त प्राकृतिक विपत्तिका कारण हजारौं नागरिक विद्युतविहिन बनेका छन् भने प्रान्तीय प्रशासनले दुई हप्ताका लागि प्राकृतिक विपत्को चेतावनी जारी गरेको छ ।

‘प्यासिफिक रिंग अफ फायर’मा अवस्थित इन्डोनेसियामा बारम्बार शक्तिशाली आँधी आउने हुँदा आकस्मिक बाढी र पहिरो जाने गर्छ । उक्त क्षेत्र भूकम्प र ज्वालामुखी विस्फोटबाट पनि निरन्तर प्रभावित हुनेगर्छ ।

# मङ्गोलियामा कठोर जाडोका कारण ३९ लाखभन्दा बढी चौपायाको मृत्यु

**सिन्ह्वा**

उलान बाटोर । मङ्गोलियामा यो बर्षको अत्यधिक चिसो हिउदे मौसमका कारण मृत्यु हुने गाईवस्तुहरूको स्त्र्या ३९ लाख २५ हजार ७३४ पुगेको यहाँको राष्ट्रिय विपत् आयोग (एसईसी) ले सोमबार जनाएको छ ।

मङ्गोलियाका २१ प्रान्तहरूमध्य पूर्वी सुखबातर प्रान्तमा स्थानीय भाषमा ‘जुड’ भनिने कडा चिसोबाट सबैभन्दा बढी प्रभावित भएको छ । यहाँ ११ लाखभन्दा बढी गाईवस्तुहरूको मृत्यु भएको एसईसीले जनाएको छ । चिसोका कारण हिउ पर्ने र जमिन जमेको हिउँले ढाकिएको कारण ठूलो स्त्र्यामा प्राणीहरू मर्छन् ।

मङ्गोलियाको मौसम अनुगमन निकायका अनुसार मङ्गोलियाले यस बर्षको जाडोमा सामान्यभन्दा धैरै हिम बर्षा र जाडोको सामना गरेको छ ।

मङ्गोलियाको लगभग ८० प्रतिशत क्षेत्र हिउँले ढाकिएको छ । जीवित घुमन्तेहरूको देश मङ्गोलियाले कठोर जाडोले ठुलो पशुधनको क्षतिको कारण यसको प्रकोप तयारीलाई उच्च बनाएको छ ।

पशुपालनको प्रर्वद्धनलाई जमिनले घेरिएको देशको खानीमा निर्भर अर्थतन्त्रलाई विविधीकरण गर्ने सबैभन्दा व्यावहारिक तरिकाको रूपमा हेरिन्छ ।सन् २०२३ को अन्त्यमा मङ्गोलियामा पशुधनको स्त्र्या छ करोड ४७ लाख रहेको राष्ट्रिय तथ्याङ्क कार्यालयले जनाएको छ ।

# अस्ट्रेलिया : विमानमा प्राविधिक समस्या आउँदा विरामी परेका १२ जना उपचारका लागि अस्पताल भर्ना




**एएफपी**

विलिङटन । सिड्नीबाट अकल्याण्डका लागि उडेको लाटामको विमानमा प्राविधिक समस्या आएपछि एक्कासि कम्पन हुँदा विरामी परेका १२ यात्रुलाई सोमबार अस्पताल भर्ना गरिएको विमान कम्पनी र सुरक्षाकर्मीले सोमबार एएफपीलाई जानकारी दिएका छन् ।

तस्मान सागरमा एलए ८०० विमानमा समस्या आएका कारण विमानमा कम्पन आउँदा कम्तीमा एक जनाको अवस्था गम्भीर रहेको बताइएको छ ।यात्रुहरूले स्थानीय सञ्चारमाध्यमलाई बताएअनुसार विमानको उचाई एक्कासी गुमेको र सिटबेल्ट नभएकाहरू सीटमा उफ्रेका थिए । प्रत्यक्षदर्शी यात्रुले रेडियो नेटवर्क आरएनजेडसँग भन्नुभयो, “सिटबेल्ट नलगाएका कारण मानिसहरू सीटमा उफ्रिएका थिए ।”

आवाज थरथर काँपिरहेको अवस्थामा उहाँले भन्नुभयो, “केही मानिस गम्भीर घाइते भएका छन् । यात्रुहरू पनि साँच्चै डराएका थिए ।” चिलीस्थित एयरलाइन्सका प्रवक्ताले उडानका क्रममा भएको प्राविधिक घटनाका कारण विमानमा ‘ठूलो हलचल’ भएको बताउनुभएको छ । “विमान अकल्याण्ड विमानस्थलमा निर्धारित समयमा अवतरण गरेको थियो,” उहाँले भन्नुभयो ।

घटनाको कारण खुल्न सकेको छैन।सेन्ट जोन न्युजिल्यान्ड एम्बुलेन्स सेवाका जेरार्ड क्याम्पबेलले विमान न्युजिल्यान्डको अकल्याण्ड सहरमा ओर्लिएपछि चिकित्सकलाई समस्याबारे जानकारी गराइएको बताउनुभयो ।घाइतेको उपचारका लागि एक दर्जनभन्दा बढी एम्बुलेन्स र अन्य मेडिकल गाडीको टोली विमानस्थलमा पुगेको थियो ।

क्याम्पबेलले भन्नुभयो, “हाम्रो एम्बुलेन्स चालक दलले लगभग ५० जना बिरामीहरूको स्वास्थ्य परीक्षण र उपचार गरेको थियो, जसमा एक बिरामी गम्भीर अवस्थामा थिए र बाँकी मध्यम देखि सामान्य अवस्थामा थिए ।”विरामी सबै जनालाई अस्पताल पुऱ्याइएको उहाँले बताउनुभयो ।

# दक्षिण कोरियामा करिब पाँच हजार चिकित्सकको लाइसेन्स निलम्बन गर्ने सरकारको चेतावनी

**एएफपी**



सियोल । दक्षिण कोरियाले सरकारी चिकित्सा प्रशिक्षण सुधारको विरोधमा राजीनामा दिएका र काम गर्न छाडेका चार हजार ९०० जुनियर चिकित्सकको मेडिकल लाइसेन्स निलम्बन गर्ने प्रक्रिया सुरु गरेको जनाएको छ ।

चिकित्सकहरूको स्त्र्या बढाउने सरकारी योजनाको विरोधमा फेब्रुअरी २० देखि सुरु भएको हड्तालले दक्षिण कोरियामा चिकित्सकको अभाव र दक्षिण कोरियाको बढ्दो वृद्ध जनस्त्र्याको सामना गर्न आवश्यक जनशक्तिको अभाव भएको छ ।चिकित्सकहरूले सरकारी योजनाले चिकित्सकीय सेवाको गुणस्तर घटाउने तर्क गरेका छन् ।सरकारको कार्यादेश र कानुनी कारबाहीको धम्कीको बावजुद करिब १२ हजार जुनियर चिकित्सक अर्थात् प्रशिक्षार्थी चिकित्सकको ९३ प्रतिशत सरकारको अन्तिम गणनामा उनीहरूको अस्पतालमा सेवारत छैनन् ।

प्रशिक्षार्थी चिकित्सकको आन्दोलनले सियोललाई लाखौं डलर राज्यको भण्डारमा रहेको लाखौं अमेरिकी डलर र सैन्य चिकित्सकलाई परिचालन गरी सर्वसाधारणलाई सहयोग गर्न बाध्य बनाएको छ । स्वास्थ्य मन्त्रालयले सोमबार हजारौं प्रशिक्षार्थी चिकित्सकलाई आफ्नो अस्पताल फर्कन भनिएको विशेष आदेशको अवज्ञा गरेपछि चिकित्सकलाई मेडिकल लाइसेन्स निलम्बन गर्ने कारबाहीको पहिलो कदमका रूपमा प्रशासनिक सूचना पठाएको जनाएको छ ।

स्वास्थ्य मन्त्रालयको स्वास्थ्य तथा चिकित्सा नीति महाशाखाका निर्देशक चुन बयुङ-वाङले भन्नुभयो, “मार्च ८ सम्ममा चार हजार ९०० भन्दा बढी प्रशिक्षार्थी चिकित्सकलाई सेवामा फर्किन सूचना पठाइएको छ ।”सरकारले यसअघि नै हडतालमा उत्रिएका चिकित्सकलाई तीन महिनाका लागि लाइसेन्स निलम्बन गर्ने चेतावनी दिइसकेको थियो । यसका कारण विशेषज्ञका रूपमा योग्य हुन सक्ने क्षमता कम्तीमा एक वर्ष ढिला हुने बताइएको छ ।चुनले हडतालमा रहेका चिकित्सकलाई आफ्ना बिरामीकहाँ फर्कन आग्रह गर्नुभयो ।

“प्रशासनिक व्यवस्था पूरा हुनुअगावै काममा फर्केमा प्रशिक्षार्थी चिकित्सकलाई सरकारले परिस्थितिलाई ध्यानमा राखेर संरक्षण गर्नेछ”, उहाँले भन्नुभयो, “अहिले काममा फर्कने चिकित्सकले कारबाहीबाट बच्न सक्छन् ।”उहाँले थप्नुभयो, “सरकार वार्ता गर्न छोड्दैन । संवादको लागि ढोका सधैं खुला छ। सरकारले चिकित्सा सुधारको सहयात्रीका रूपमा चिकित्सा क्षेत्रको विचारलाई सम्मान गर्नेछ र विशेषरूपमा मनन गर्नेछ ।”

सरकारले गत हप्ता प्रशिक्षार्थी चिकित्सकहरूको तलब र सर्तहरू सुधार गर्न नयाँ उपायहरूको घोषणा गरेको थियो र यसको साथै लगातार ३६-घण्टा कार्य अवधिको समीक्षा गर्ने बताएको थियो । यसले जुनियर चिकित्सकको पक्षमा काम गर्ने अधिकारीहरूको भनाइ छ ।

> सरकारले गत हप्ता प्रशिक्षार्थी चिकित्सकहरूको तलब र सर्तहरु सुधार गर्न नयाँ उपायहरूको घोषणा गरेको थियो र यसको साथै लगातार ३६-घण्टा कार्य अवधिको समीक्षा गर्ने बताएको थियो ।

♦♦♦♦

चिकित्सकको हडतालका कारण धेरै शल्यक्रिया सेवा रद्द हुनु र सेवाका लागि लामो समय पर्खनुपर्नेजस्ता प्रमुख अस्पतालकासेवामा ढिलाइ भएको छ ।

सियोलले सैन्य चिकित्सकहरू परिचालन गरेको छ र सेवाको कमीलाई न्यूनिकरण गर्नको लागी राज्य कोषबाट लाखौं डलर विनियाजन गरेको छ, तर त्यहाँ पूर्ण स्वास्थ्य सङ्कट छ भन्ने कुरा अस्वीकार गरेको छ ।चुनले भन्नुभयो, “सैन्य चिकित्सकहरूले यसै हप्ता बुधबारदेखि नागरिक अस्पतालहरूमा काम सुरु गर्नेछन् ।”दक्षिण कोरियाको कानुनअनुसार चिकित्सकलाई हडताल गर्न प्रतिबन्ध लगाइएको छ र स्वास्थ्य मन्त्रालयले प्रहरीलाई काम रोक्ने सम्बन्धित चिकित्सकमाथि अनुसन्धान गर्न भनेको छ ।

सरकारले विकसित राष्ट्रहरूमध्ये सबैभन्दा कम चिकित्सक-जनस्त्र्या अनुपातलाई सम्बोधन गर्न आगामी वर्षदेखि वार्षिक दुई हजारभन्दा बढी विद्यार्थीलाई मेडिकल विद्यालयमा भर्ना गर्ने तयारी गरेको छ । चिकित्सकहरूले सुधारले सेवाको गुणस्तर र चिकित्सा शिक्षालाई खस्काउने डर व्यक्त गरेका छन्, तर सरकारको कार्यक्रमका अनुयायीहरूले चिकित्सकहरूले उनीहरूको तलब र सामाजिक स्थितिलाई सुरक्षित राख्न आन्दोलन गरिरहेको आरोप लगाएका छन् ।

# नेपालमा सहायता बढाउन विश्व बैंकसँग आग्रह



टुडे समाचारदाता

काठमाण्डु । विश्व बैंकको नेपाल, माल्दिभ्स र श्रीलङ्का हेर्ने देशीय निर्देशक फारिस हदाद जार्बोसले सोमबार अर्थमन्त्री वर्षमान पुनसँग भेट गरेका छन् । सोमबार अर्थमन्त्रालयमा भएको भेटमा अर्थमन्त्री पुनले नेपालमा विश्व बैंकको आर्थिक तथा प्राविधिक सहायता बढाउन उनीसँग आग्रह गरे । अर्थमन्त्री पुनले अर्थतन्त्र अझै केही दबाबमा रहेकाले नेपाललाई प्राथमितामा राख्न आग्रह गरेको उनले पुनले भने । सार्वजनिक वित्तका क्षेत्रमा सुधार र खासगरी पुँजीगत खर्च बढाउने गरी आफूले काम गर्ने उहाँको भनाइ छ । विश्व बैंकको लगानीमा निर्माण प्रस्ताव गरिएको महत्वाकांक्षी माथिल्लो अरुण जलविद्युत् आयोजना, प्रदेश तथा स्थानीय सडक पूर्वाधार निर्माण, डिजिटल नेपालसम्बन्धी आयोजनाका काम नेपालले प्राथमिकताका साथ अघि बढाइरहेको मन्त्री पुनले बताए ।

अर्थमन्त्री पुनसँगको भेटमा सचिवालयले जनाएको छ ।

> विश्व बैंकले निर्माण गर्दै गरेको नयाँ साझेदारी रणनीतिको खाकाबारेसमेत जार्बोसले मन्त्री पुनलाई अवगत गराए । उनले आगामी जुनमा काठमाडौँमा हुने विश्व बैंकअन्तर्गतको अन्तर्राष्ट्रिय विकास संघ (आइडिए) को बैठकको तयारीबारे पनि मन्त्री पुनलाई जानकारी गराए ।

विश्व बैंक नेपालको ठूलो मध्येको एक विकास साझेदार भएकाले समन्वय र सहकार्यको अपेक्षा पनि उच्चस्तरकै रहेको अर्थमन्त्री पुनले बताए । सरकारको खर्च बढाउने, रोजगारी सिर्जना र आर्थिक गतिविधिमा तीव्रता दिँदै अर्थतन्त्र चलायमान बनाउन महत्वपूर्ण विकास साझेदारका हैसियतले विश्व बैंकको सहयोग जरुरी रहेकामा उनले जोड दिए ।

"कतिपय आन्तरिक र कतिपय बाह्य कारणले अर्थतन्त्र केही दबाबमा छ । यो चुनौतीपूर्ण अवस्थामा विश्व बैंकबाट थप सहयोगको अपेक्षा हामीले गरेका छौँ", अर्थमन्त्री देशीय निर्देशक जार्बोसले विश्व बैंकको लगानीमा सञ्चालित आयोजनाको प्रगति सन्तोषजनक बनाउन सरकारका तर्फबाट गर्नुपर्नेसमन्वयकालागिध्यानाकर्षण गराए । विश्व बैंकले निर्माण गर्दै गरेको नयाँ साझेदारी रणनीतिको खाकाबारेसमेत जार्बोसले मन्त्री पुनलाई अवगत गराए । उनले आगामी जुनमा काठमाडौँमा हुने विश्व बैंकअन्तर्गतको अन्तर ष्ट्रिय विकास सङ्घ (आइडिए) को बैठकको तयारीबारे पनि मन्त्री पुनलाई जानकारी गराए । आइडीएले विकासोन्मुख मुलुकका लागि वित्तीय सहायता, सहुलियतपूर्ण ऋण र अनुदानप्रदान गर्दै आएको छ ।

# अर्थतन्त्रः बाह्य क्षेत्र सुध्रियो, आन्तरिक शिथिलता कायमै

टुडे समाचारदाता

काठमाण्डु । कोभिड १९ महामारी, रुस-युक्रेन तनाव, अस्थिर राजनीतिलगायत कारणले शिथिल बन्दै गएको मुलुकको अर्थतन्त्र बिस्तारै तङ्गिने क्रममा छ । दुई वर्षअघि करिब धराशायीकै अवस्थामा पुगेको अर्थतन्त्रको बाह्य क्षेत्र अहिले सम्हालिएर सहज लयमा छ । तर, सार्वजनिक वित्तका सूचकहरु अहिले पनि सकारात्मक छैनन् । न्युन राजस्व असुली, कमजोर पुँजीगत खर्च, बढ्दो चालु खर्च, वर्षेनी बढिरहेको सार्वजनिक ऋण र त्यसको साँवा-ब्याजको दायित्वलगायतका समस्या ज्युँका त्युँ छन् ।



पुँजी निर्माण र आन्तरिक उत्पादनका क्षेत्रमा लगानी हुन नसक्दा कुल गार्हस्थ्य उत्पादन (जिडिपी) वृद्धिदर लक्षित अङ्कभन्दा निकै तल छ । बेरोजगारी र युवा पलायनको समस्या हल हुन सकेको छैन । बैंक-वित्तीय संस्थामा तरलता सहज भएका ब्याजदर घट्दोक्रममा रहेपनि कर्जाको माग बढ्न सकेको छैन । बढ्दो मुद्रास्फीति र घट्दो बजार मागले उपभोक्ता बजार चलायमान बन्न सकेको छैन । ठूलो लगानी रहेका घरजग्गा र पुँजीबजार क्षेत्रमा पनि उल्लेख्य चमक छैन । यसै सन्दर्भमा पछिल्लो एक वर्ष अवधिमा मुलुकको आर्थिक तथा वित्तीय सूचकमा देखिएका परिवर्तनलाई राससले तुलनात्मक समीक्षा गरेको छ ।

### बाह्य क्षेत्र

गत असार मसान्तमा रु १५ खर्ब ३९ अर्ब ३६ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति १९ दशमलव नौ प्रतिशतले वृद्धि माघ मसान्तमा रु १८ खर्ब ४४ अर्ब ९४ करोड पुगेको छ । गतवर्षको यहि अवधि अर्थात् २०७९ माघ मसान्तमा विदेशी विनिमय सञ्चिति रु १३ खर्ब ८३ अर्ब ३३ करोड पुगेको थियो ।

चालु आर्थिक वर्षको सात महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १४ दशमलव सात महिनाको वस्तु आयात र १२ दशमलव तीन महिनाको वस्तु तथा सेवा आयात धान्न सक्छ । जबकि, गत आर्थिक वर्ष २०७९/८० को माघ मसान्तसम्ममा १० दशमलव आठ महिनाको वस्तु आयात र नौ दशमलव चार महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने विदेशी मुद्रा सञ्चिति थियो । अहिले विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३४ दशमलव तीन प्रतिशत छ । गतवर्ष माघ मसान्तसम्ममा यस्तो अनुपात २५ दशमलव एक प्रतिशत थियो ।

### चालु खाता एवम् शोधनान्तर स्थिति

गत आर्थिक वर्ष २०७९/८० को माघ मसान्तसम्ममा रु २९ अर्ब ६४ करोडले घाटामा रहेको चालुखाता अहिले रु एक खर्ब ६१ अर्ब ६९ करोडले बचतमा छ । गतवर्षको माघ मसान्तसम्ममा रु एक अर्ब ४ करोड खुद प्रत्यक्ष वैदेशिक लगानी मुलुकले भित्र्याएकोमा चालु आर्थिक वर्षको सोही अवधिमा रु पाँच अर्ब १८ करोड छ । त्यसैगरी, विसं २०७९ माघ मसान्तमा शोधनान्तर स्थिति रु एक खर्ब ३३ अर्ब २१ करोडले बचतमा रहेकोमा २०८० माघ मसान्तमा शोधनान्तर स्थिति रु दुई खर्ब ९७ अर्ब ७२ करोडले बचतमा छ ।

### विप्रेषण आप्रवाह

गत आर्थिक वर्ष २०७९/८० को शुरुवाती सात महिना अर्थात् माघ मसान्तसम्ममा मुलुकले रु छ खर्ब ८९ अर्ब ८८ करोड विप्रेषण भित्र्याएको थियो । चालु आर्थिक वर्षको माघ मसान्तसम्ममा विप्रेषण आप्रवाह रु आठ खर्ब ३९ अर्ब पुगेको छ । अघिल्लो आवको शुरुवाती सात महिनाको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा भित्रिएको रेमिट्यान्स २१ दशमलव छ प्रतिशतले वृद्धि हो ।

### वैदेशिक व्यापार

चालु आर्थिक वर्षको शुरुवाती सात महिनामा कुल वस्तु निर्यात सात दशमलव एक प्रतिशतले कमी आई रु ८६ अर्ब ८३ करोड कायम भएको छ । गत आर्थिक वर्षको माघ मसान्तसम्ममा नेपालले कुल रु ९३ अर्ब ४३ करोड बराबरको वस्तु निर्यात गरेको थियो । गतवर्षको तुलनामा निर्यात मात्र नभई आयात पनि घटेको छ । गत आर्थिक वर्ष २०७९/८० को सात महिनामा कुल रु नौ खर्ब १९ अर्ब १७ करोड बराबर रहेकोमा चालु आर्थिक वर्षको सोहि अवधिमा रु आठ खर्ब ९७ अर्ब ९४ करोड कायम भएको छ ।

### सरकारी वित्त

गत आर्थिक वर्ष २०७९/८० को सात महिनामा सङ्घीय सरकारको कुल खर्च रु छ खर्ब ६७ अर्ब ६६ करोड थियो । जसमध्ये चालु खर्च रु पाँच खर्ब ३१ अर्ब ५० करोड, पुँजीगत खर्च रु ६६ अर्ब ३० करोड र वित्तीय व्यवस्थातर्फको खर्च रु ६९ अर्ब ८६ करोड थियो । चालु आर्थिक वर्षको माघ मसान्तसम्ममा सरकारको कुल खर्च रु खर्ब ८६ अर्ब ७५ करोड पुगेको छ । यो अवधिसम्मको चालु खर्च रु पाँच खर्ब ९ अर्ब ४ करोड, पुँजीगत खर्च रु ६३ अर्ब ५८ करोड र वित्तीय व्यवस्थातर्फको खर्च रु एक खर्ब १४ अर्ब १३ करोड रहेको छ । अर्थात् गतवर्षको तुलनामा यसवर्ष चालु र पुँजीगत शीर्षकको खर्च घटेको छ भने वित्तीय व्यवस्था शीर्षकको खर्च बढेको छ । वित्तीय व्यवस्था शीर्षकमा छुट्याइएको बजेट सार्वजनिक ऋणको साँवा ब्याज तिर्न खर्च हुने गरेको छ ।

गतवर्षको तुलनामा यसवर्ष राजस्व सङ्कलनमा पनि उल्लेख प्रगति देखिँदैन । गत आर्थिक वर्षको सात महिनामा सरकारले कर राजस्वतर्फ रु चार खर्ब ६४ अर्ब १९ करोड र गैर कर राजस्वतर्फ रु ५० अर्ब ५० करोड गरी कुल रु पाँच खर्ब १४ अर्ब ६९ करोड राजस्व परिचालन भएको देखिन्छ । चालु आर्थिक वर्षको सोहि अवधिमा समीक्षा अवधिमा नेपाल सरकारको कुल राजस्व परिचालन (प्रदेश सरकार तथा स्थानीय सरकारमा बाँडफाँट हुने कर राजस्व रु पाँच खर्ब १० अर्ब ५० करोड र गैर कर रु ५६ अर्ब ९१ करोड गरी कुल रु पाँच खर्ब ६७ अर्ब ४० करोड राजस्व परिचालन भएको छ ।

विसं २०७९ माघ मसान्तमा नेपाल राष्ट्र बैंकमा रहेका सरकारका विभिन्न खातामा रु दुई खर्ब ४ अर्ब ९२ करोड नगद रहेकोमा गत माघ मसान्तसम्ममा रु दुई खर्ब १५ अर्ब २६ करोड नगद मौज्दात छ ।

### मुद्रास्फीति

मुद्रास्फीति वृद्धिदर गतवर्षको तुलनामा केही घटेको छ । गत आर्थिक वर्षको माघ मसान्तसम्ममा वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति सात दशमलव ८८ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको माघ मसान्तसम्ममा पाँच दशमलव ०१ प्रतिशत छ ।

### सेवा क्षेत्र

चालु आर्थिक वर्षको माघ मसान्तसम्ममा खुद सेवा आय रु ३७ अर्ब २६ करोडले घाटामा छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आय रु ३८ अर्ब ४५ करोडले घाटामा थियो । गत आर्थिक वर्षको शुरुवाती सात महिनामा विदेश भ्रमणका लागि नेपालबाट रु ६२ अर्ब ५७ करोड बाहिरिएको थियो । चालु आर्थिक वर्षको सोही अवधिमा भ्रमण व्यय ४९ दशमलव नौ प्रतिशतले बढेर रु एक खर्ब ४ अर्ब ७५ करोड पुगेको छ । विदेशमा पढ्नका लागि नेपाली विद्यार्थीले गर्ने खर्च अर्थात् शिक्षातर्फको व्यय चालु आर्थिक वर्षको सात महिनामा रु ६६ अर्ब ६४ करोड छ । गत आर्थिक वर्षको शुरुवाती सात महिनामा यस्तो खर्च रु २२ अर्ब ६० करोड बराबर थियो ।

### विनिमय दर

विसं २०८० असार मसान्तको तुलनामा विसं २०८० माघ मसान्तमा अमेरिकी डलरसँग नेपाली मुद्रा एक दशमलव ०५ प्रतिशतले अवमूल्यन भएको छ । गत माघ मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु एक सय ३२ दशमलव ५६ पुगेको छ । विसं २०७९ माघ मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु एक सय ३१ दशमलव ७० पुगेको छ ।

### निक्षेप र कर्जा परिचालन

गत वर्ष २०७९ को माघ मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाबाट परिचालन भएको निक्षेप रु दुई खर्ब ५३ अर्ब ९७ करोड रहेकोमा २०८० माघ मसान्तसम्ममा रु तीन खर्ब ९७ अर्ब २० करोड रहेको छ । त्यस्तै, गतवर्षको शुरुवाती सात महिनामा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा रु एक खर्ब ४८ अर्ब १२ करोड रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा समीक्षा अवधिमा रु एक खर्ब ९७ अर्ब २१ करोड बराबर कर्जा प्रवाह भएको छ ।

### ब्याजदर

विसं २०७९ मा ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर नौ दशमलव ७९ प्रतिशत रहेकोमा अहिले घटेर २०८० माघसम्म पुग्दा तीन दशमलव ३४ प्रतिशत रहेको छ । बैंक तथा वित्तीय संस्थाहरुबीचको अन्तर बैंक कारोबारको भारित औसत ब्याजदर २०७९ माघमा पाँच दशमलव २९ प्रतिशत रहेकोमा २०८० माघमा तीन दशमलव ०४ प्रतिशत रहेको छ । विसं २०८० माघमा वाणिज्य बैंकहरुको औसत आधारदर नौ दशमलव ०६ प्रतिशत, विकास बैंकहरुको ११ दशमलव १३ प्रतिशत र वित्त कम्पनीहरुको १२ दशमलव ७० प्रतिशत रहेको छ । अघिल्लो वर्षको माघमा वाणिज्य बैंकहरुको औसत आधार दर १० दशमलव ७२ प्रतिशत थियो ।

# गिद्ध जोगाउन रेष्टुराँ

टुडे समाचारदाता

तुलसीपुर । गिद्धलाई प्रकृतिको कुचीकार मानिन्छ । मानिसलाई लाग्ने हैजा, झाडापखालालगायतका रोगको महामारीबाट जोगाउन पनि गिद्धको भूमिका हुन्छ भनिन्छ । तर पछिल्लो समय प्रकृतिको कुचीकार मानिने गिद्ध लोपोन्मुख अवस्थामा छन् ।



गिद्ध संरक्षण अभियान सञ्जालका अध्यक्ष डिल्लीबहादुर रावतका अनुसार नेपालमा नौ प्रकारका गिद्ध पाइने भएपनि पछिल्लो समय हराउँदै जाने चिन्ता बढको छ । "हामीले संरक्षण अभियान चलाइरहेका छौं", उनले भने, "त्यसमा सरकारले पनि ध्यान दिनुपर्छ ।" हाल गिद्ध संरक्षणका लागि नेपालभर सात वटा गिद्ध रेष्टुराँ सञ्चालनमा छन् । यद्यपि ती रेष्टुराँ सञ्चालन गर्न निकै चुनौती रहेको पंक्षी संरक्षण सङ्घका कार्यक्रम अधिकृत भुपाल नेपालीको भनाइ छ । हाल दाङमा दुई वटा, घोचोक पोखरा, गैडाताल रूपन्देही, नवलपरासी पूर्व, कैलाली, कोशी टप्पुमा एक/एक वटा यस्ता रेष्टुराँ छन् ।

रेष्टुराँ सञ्चालन धेरै खर्चिलो हुने गरेकाले समस्या हुने गरेको अध्यक्ष रावतले बताउछन् । उनका अनुसार रेष्टुराँमा बुढा भएका गाईवस्तुहरु राखिन्छ । "उनीहरुको रेखदेखका लागि खर्च ठूलो हुन्छ । उनीहरुलाई पराल खुवाउनु पर्ने र हेरचाह गर्न कर्मचारी राख्नुपर्ने हुन्छ । त्यहाँ पालिएका पशु मरेपछि मात्रै गिद्धको आहारा बन्ने गर्छन्", उनले भने । गिद्ध रेष्टुराँमा पर्यटक आउने भएपनि त्यसलाई सरकारले संरक्षण गर्न सके निरन्तरता पाउने उहाँको भनाइ छ ।

हाल पशुमा दिइने डाइक्लोफेनेक औषधिकै कारण गिद्ध हराउने अवस्थामा रहेको उनको भनाइ छ । साथै प्राकृतिक बासस्थान, आहारमा ह्रास र मानवनिर्मित विद्युतीय तारबारलगायतका कारण गिद्धको संखया घट्दो रहेको उनको भनाइ छ । लुम्बिनी प्रदेश वन मन्त्रालयका अधिकृत धनिश्वर न्यौपानेले अग्ला रुखहरुलाई संरक्षण गर्ने, सुरक्षित आहाराको व्यवस्थापनको काम भइरहेको छ । सरोकारवाल, तीनै तहका सरकार, संरक्षित क्षेत्र, डिभिजन वन कार्यालय, पशु विज्ञ केन्द्र र संरक्षणमा आधारमा सबै गैरसरकारी संघसंस्थाहरुको सहकार्यको खाँचो रहेको बताए ।

गिद्ध संरक्षणका लागि सरकारी स्तरबाट पहिलो पटक लुम्बिनी प्रदेश सरकारले मात्रै बजेट बिनियोजन गरेको छ । प्रदेश सरकारले गिद्ध संरक्षणसँगै लोपन्मुख प्रजातिका मौवा,

> विगत १० वर्षमा नेपालमा ९१ प्रतिशत र भारतमा ९९ दशमलव नौ प्रतिशत गिद्ध मासिएपछि यी दुवै देशका साथै अन्य मुलुकले पनि गिद्ध संरक्षणमा जोड दिन थालेका छन् ।

सतिसाल, विजयसाललगायतका लागि रु तीन करोड २८ लाख बजेट विनियोजन गरेको छ । यसअघि सरकारी स्तरबाट गिद्ध तथा लोपन्मुख वनस्पति संरक्षणका लागि बजेट बिनियोजन भएको थिएन । नेपालमा विभिन्न नौ प्रजातिका करिब १३ हजारभन्दा बढी गिद्ध रहेको अनुमान गरिएको छ । हिमाली र चिसो स्थानमा रहने हाडफोर प्रजातिका गिद्ध निकै कम स~्यामा छन् भने अन्य प्रजातिका गिद्ध हिमालीबाहेक सबैजसो स्थानमा पाइन्छन् ।

नेपालमा डङ, सानो खैरो, खैरो, राज, हिमाली, सुन, सेतो, हाडफोर र लामोठुडे गरी नौ प्रजातिका गिद्ध पाइएको छ ।नेपालमा सबैभन्दा बढी हिमाली प्रजातिको गिद्ध करिब १० हजारको हाराहारीमा रहेको तथ्याङ्क छ भने खैरो, राज र लामोठुडे प्रजातिका गिद्ध भारत, पाकिस्तान, चीन, बर्मा, थाइल्यान्डलगायतका देशबाट जाडो छल्न नेपाल आउने गर्दछन् ।

विश्वमै पहिलोपटक नेपालमा गिद्ध संरक्षणको थालनी भएको र संकटापन्न अवस्थामा रहेका तीनको संरक्षणमा यस्ता प्रयास फलदायी हुने जनाइएको छ । प्रकृतिमा छाडिएका गिद्धको पखेटामा नम्बरसहितको ट्याग लगाइएको छ भने सेटलाइटबाट अनुगमन गर्न सकिने गरी गिद्धको ढाँडमा रेडियोकलर जडान गरिएको छ । विगत १० वर्षमा नेपालमा ९१ प्रतिशत र भारतमा ९९ दशमलव नौ प्रतिशत गिद्ध मासिएपछि यी दुवै देशका साथै अन्य मुलुकले पनि गिद्ध संरक्षणमा जोड दिन थालेका छन् ।

# स्याउ गोडमेलमा व्यस्त किसान

टुडे समाचारदाता

मनाङ । हिमाली जिल्ला मनाङको मुख्य उत्पादनका रुपमा स्याउ मानिन्छ । यहाँ आलुसँगै स्याउ गोडमेलको समय भएको छ । केही महिना जिल्ला बाहिर रहने मनाङवासी अहिले स्याउ बगैँचा गोडमेलमा व्यस्त छन् ।



हिउँद याममा यहाँका स्याउ बगैँचा उजाड हुन्छ । भदौ, असोज र कात्तिकमा स्याउ टिपिसकेपछि बोटका पात झर्छन् । अनि नाङ्गै बन्छन् स्याउका बोट । त्यसपछि माघ र फागुनमा स्याउ बगैँचा व्यवस्थापन तथा काँटछाँट गर्ने र आंशिक रूपमा स्याउको व्यवस्थापन गर्ने गरिन्छ । अहिले यहाँका किसान तिनै स्याउका बगैँचा व्यवस्थापन गर्ने चटारोमा छन् ।

नासों गाउँपालिका-८ ताचैका स्याउ किसान सोलबहादुर गुरुङले यसवर्ष यहाँसम्म हिमपात नभए पनि स्याउ खेती राम्रो हुने गरेको बताए । उनले यतिबेला स्याउ बगैँचा गोडमेलमा व्यस्त भएको बताए । मुख्य आय नै स्याउ भएको बताउदै उनले भने, "आयस्रोतलाई जोगाउने र उत्पादन राम्रो कसरी हुन्छ भन्नेतर्फ लागेका छौँ ।" यहाँका अधिकांश मानिसको घरमा स्याउ हुने र गोडमेल गर्ने समय भएको उनले सुनाए ।

जाडो छल्न यहाँका स्थानीयवासी बाहिर गएर फर्किएपछि बगैँचा गोडमेल गर्ने गर्दछन् । त्यस्तै नासों-६ तिल्चेका टङ्क गुरुङ पनि स्याउ बगैँचा गोडमेल तथा व्यवस्थापनमा व्यस्त छन् । समयमा नै स्याउ बगैँचाको गोडमेल गरेपछि नै राम्रो उत्पादन गर्न सकिने उनले बताए । उनका अनुसार जिल्लाका स्याउ किसान अहिले बगैँचा गोडमेलमा नै व्यस्त रहेका छन् । यहाँको स्याउको माग तथा खपत राम्रो भएकाले यसतर्फ आकर्षित भएको उनले बताए ।

यतिबेला मनाङको नासों, चामे, ङिस्याङ तथा नार्पाभूमिका स्याउ बगैँचा व्यवस्थापन भइरहेको छ । केही लेकाली क्षेत्रमा अत्यधिक चिसोका कारण स्थानीयवासी बैँसी झर्ने हुनाले केही ढिला गरी मनाङ ङिस्याङ र नार्पाभूमिका स्याउ बगैँचा व्यवस्थापन गरिने किसानको भनाइ छ । जिल्लाको मुख्य उत्पादन पनि भएकाले यहाँका अधिकांश किसान स्याउखेतीमा लागेका छन् । यसबाट किसानले राम्रै आम्दानी गर्ने गरेको उनीहरूको भनाइ छ । अरू खेतीको तुलनामा धेरै समय लगानी गर्न नपर्ने स्याउ खेतीले यहाँको आर्थिकस्तर वृद्धि गर्न टेवा पुगेको किसान उमबहादुर गुरुङले बताए ।

फागुन महिना लागेसँगै किसानले उजाडिएका स्याउ बगैँचामा गोडमेल, सिँचाइ गर्ने, मलजल गर्ने, रोग, कीराको प्रकोप नियन्त्रणका लागि विषादी छर्किने र बोटमा फैलिएका अनावश्यक हाँगाबिँगा काँटछाँट गर्ने कृषि ज्ञान केन्द्र मनाङले जनाएको छ ।बर्सेनी मनाङका किसानलाई कृषि ज्ञान केन्द्रले प्राविधिक व्यवस्था गरी स्याउ बगैँचा व्यवस्थापनबारे तालिम र क्षेत्रमै पुगेर स्याउखेती गर्ने तरिका सिकाउने गरेको छ । बोटमा फर्मल इन्फेक्सनका कारण कटिङको घाउ नबढोस् र प्रकोप नियन्त्रण होस् भनी हाँगा काँटछाँट गर्नुपर्ने कृषि ज्ञान केन्द्रका अधिकृत घनश्याम गैरेले बताए ।

उनले भने, "स्याउ कटिङ गर्दा हावा र घाम स्याउका सबै हाँगा र पातसम्म सर्कुलर हुन्छ । विभिन्न स्याउमा लाग्ने रोग सङ्क्रमणलाई प्रतिरोध गर्छ ।" स्याउ बगैँचा व्यवस्थापनको मुख्य काम हाँगा काँटछाँट हो, यसले स्याउको निश्चित आकार र साइजलाई बढ्ने सहयोग गर्ने उनले बताए ।

बगैँचा व्यवस्थापन गर्दा किसानले बोटमा प्रकोप नियन्त्रण गर्न बोरो पेस्ट र बोरो मिक्स्चर छर्किने गरेका छन् । यसो गर्दा स्याउको बोटमा सङ्क्रमण कम हुने कृषि ज्ञान केन्द्रले जनाएको छ । किसानले हलुका घाउमा बोरो पेस्ट र बोटको पूरै भागमा छर्किनुपरे बोरो मिक्स्चर प्रयोग गर्ने गरेका छन् ।


## श्री वनदेवी सामुदायिक वन उपभोक्ता समूह

जीतपुसिमरा उ.म.न.पा-२२, ढुकुवावास (बारा)

## काठ दाउरा लिलाम बिक्रीको सूचना

यस वनदेवी सामुदायिक वन उपभोक्ता समुहले आ.व. २०७९/०८० मा उत्पादन भएका काठ दाउरा मध्ये समुहको भागमा परेका तपसिल अनुसारको काठ दाउरा लिलाम बिक्री गर्नुपर्ने भएकोले सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | जात | थान | घ.फि. | कैफियत |
|---|---|---|---|---|
| १ | साल | ५७ | ५४२.५१ | |
| २ | असना | ४० | ३६१.१७ | |
| ३ | सल्ला | ९ | ५५.९८ | |
| ४ | अन्य | ८ | ७७.१४ | |
| | जम्मा | ११४ | १०३६.८० | |
| ५ | २०×५×५ को मिश्रित दाउरा १.०० चट्टा | | | |

अध्यक्ष

# आजदेखि रोजा पर्व सुरु

टुडे समाचारदाता



जनकपुरधाम । इस्लाम धर्माम्बलम्बीको महान पर्व रामजान रोजा आजदेखि सुरु भएको छ।

खाडी मुलुक साउदी, कतारलगायतका देशहरुमा सोमबारदेखि नै रोजा सुरु भए पनि नेपाल, भारत, पाकिस्तान, बगंलादेश लगायतका दक्षिण एसियामा भने मंगलवारदेखि रोजा सुरु भएको छ।

सोमबार साँझ मुस्लिम समुदायले आकाशमा चन्द्रमा देखेपछि जनकपुरधाममसहित नेपालभरका मुस्लिम समुदाय रोजा गर्दै छन् । रोजा (व्रत) हरेक मुस्लिम सामुदायका बालिग महिला तथा पुरुषमा अनिवार्य गरिएको छ।

इस्लाम धर्मका ५ वटा आधार स्तम्भ इमान, नवाज, रोजा, जकात, हजमध्ये रोजा तेस्रो नम्बरको हो । इस्लामिक महिना श्रावणको समाप्तिसंगै रमजानको पहिलो चन्द्रमा (चाँद) मुस्लिम समुदायले देखे पछि रमजान शुरु हुने गर्छ।

इस्लामिक महिना रमजान ३० दिन सम्म मुस्लिम समुदाय रोजा गर्छन् ।

यस पुर्वमा मुस्लिम समुदायका सम्पुर्ण महिला तथा पुरुषले अनिवार्य रुपमा दिनभरि केहि नखाई निराहार रुपमा व्रत बस्नु पर्ने हुन्छ । रोजामा ब्रतालुहरुले सूर्य उदाउनु भन्दा पूर्व र सूर्य अस्ताए पछि मात्र अन्नजल ग्रहण गर्ने परम्परा रहेको छ।

इस्लामिक धर्मग्रन्थका अनुसार रोजा दुई हिजरी सवाण (महिना)को १० तारिक देखि मुस्लिम समुदाय माथि फर्ज अथार्त अनिर्वाय गरिएको छ। इस्लामिक धार्मिक गुरुहरुको अनुसार अहिले १४ औ हिजरी चलिरहेको छ। रोजा धनी, गरिब सवैमाथि अनिवार्य छ, यसमा कुनै भेदभाव हुदैन । दिनभरि मजदुरि गर्ने होस वा राजा राजौटा किन नहोस् सबैमाथि रोजा उतिकै लाजिम (अनिर्वाय) गरिएको छ। महिला ,पुरुष दुवै वालिग मुस्लिम माथि रोज अनिर्वाय गरिएको मौलना अहमद हुसैनले बताए।

इस्लामिक धर्मगुरुहरुले जनाए अनुसार सामुहिक रुपमा रोजा खोल्दा (अनजल) धार्मिक हिसावले राम्रो मान्निछ। रमजान महिनामा इस्लामिक क्यालेन्डरको ९ औं महिना हो । सो महिना मुस्लिम समुदायको लागि विशेष महत्व राख्छ। अन्य महिना भन्दा रमजानमा उपवास तथा दान गर्दा ७० गुणा बढी सवाव (पुण्य) प्राप्ति हुने मुस्लिम समुदायको विश्वास रहेको छ। रमाजानकै २७ तारिकका दिन इस्लाम धर्माबलम्विहरुको सब भन्दा ठुलो धर्मग्रन्थ पवित्र कुरआन सरिफ नाजिल (अवतरित) भएका उनले बताए।

यसै महिनामा साढे सात तोला सुन वा साढे ५२ तोला चाँदी तथा सो बरावरको सम्पती भएको खण्डमा गरिब विपन्नहरुको लागि अनिवार्यरुपमा जकात अथार्त दान गर्नका लागि साढे दुई प्रतिशतका दरले रकम निकाल्नु पर्छ।

# मिथिला माध्यमिकी परिक्रमावासीका लागि अस्थायी पुल निर्माण

## बेली ब्रिज निर्माणका लागि स्थलगत अनुगमन

टुडे समाचारदाता



जनकपुरधाम । प्रत्येक वर्ष हुने गरेको माध्यमिकी परिक्रमाले नेपाल-भारतको सीमावर्ती क्षेत्रका स्थानीयवासीलाई जोड्ने गर्दछ । तर धर्मको बोटो नै अवरुद्ध गर्ने प्रयास हुँदा नेपाल-भारत सीमाक्षेत्रका स्थानीयवासी चिन्तित हुँदै आएको छ।

नेपाल-भारतको सीमावर्ती क्षेत्र तर्फ हुँदै ऐतिहासिक धार्मिक, सांस्कृतिक, सामाजिक र आर्थिकरुपमा समेत दुवै क्षेत्रका जनताका लागि माध्यमिकी परिक्रमाले एक अर्काप्रतिको भाईचारा, सामाजिक, सांस्कृतिक तथा परम्परागतरुपमा चल्दै आएको बेटीरोटीको सम्बन्धको निरन्तरतालाई पनि यसले जगेर्ना गर्दै आएको छ।

होली पर्व हुनु दुई साता अघिदेखि आरम्भ भएको मिथिला मध्यमा परिक्रमाले नेपाल र भारतको सीमावर्ती क्षेत्र अवस्थित महादेव मन्दिरलगायत विभिन्न कुटी, मठ मन्दिरमा १५ दिनसम्म आश्रय लिँदै तिर्थालुहरुले धार्मिक पैदल यात्रा गर्ने गर्दै आएको छ।

तर यसमा भने दुई देशको सीमाक्षेत्र तर्फ पुल निर्माणमा अवरोध खडा हुँदा दुवै तर्फका तिर्थालुहरुलाई परिक्रमा गर्न समस्याको सामना गर्नु परिरहेको छ।

मिथिला विहारी नगरपालिकास्थित कचुरीमा रहेको मिथिलाविहारी मन्दिरबाट निस्केकोडोलारजानकीमन्दिरबाटनिस्केको डोला जनकपुरधामस्थित हनुमानगढीमा एकत्रित भई त्यसको अर्को दिन भारतको कलनास्थित कल्याणेश्वर मन्दिरमा आश्रय लिन पुगेको छ। त्यसपछि भारतमै रहेको गिरिजास्थान र डोलासहित तिर्थालुहरु त्यसको अर्को दिन मटिहानी पुग्ने गर्दछ । गिरिजास्थानबाट नेपाल तर्फको मुखियापट्टी मुसहरनीयास्थित बेला नाकामा रहेको जमुनी नदी हुँदै मटिहानी जाने धार्मिक बाटो रहेको छ।

तर विगत करिब पाँच वर्षदेखि नेपाल सरकारले निर्माण गरिरहेको पुलको कार्यमा अवरोध खडा गरेपछि निर्माणधिनको पुलको काम ठप्प भएको छ। जसले गर्दा धार्मिक गतिविधिलगायतका कामकाजमा समेत कठिनाई उत्पन्न हुने गरेको स्थानीय अशेश्वर यादव बताउँछन् ।

स्थानीय यादवले भने, 'सहजैरुपमा पुल निर्माणको कामकाज भइरहँदा भारतीय एसएसबीले अवरोध खडा गरि पुल निर्माण कार्य बन्द भयो, त्यस पछि केही वर्ष पुल निर्माण कार्य अलपत्र रह्यो । पछि कोरोना संक्रमणकाल आयो, त्यसको रातारात जमुनी नदी पारी रहेका केही थान सीमास्तम्भहरु नेपाल तर्फ स्थापना गर्‍यो, र अब त कुनैपनि हालतमा पुल निर्माणको हुन दिने अवस्था छैन, बरु नदीको पारीतर्फ रहेको खेतीयोग्य जग्गा जमिनको लालपूर्जा रहँदा पनि हामीलाई बेदखल गरि उब्जनी गर्नमा समेत रोक लगाएको छ।'

सरकारले धार्मिक यात्रालाई मध्यनजर गर्दै दुवै देशवासीलाई सहज हुने गरि पुल निर्माण कार्य अघि बढाएको थियो।

स्थानीय विजयकुमार पाण्डेयले नेपाल-भारत सीमावर्ती क्षेत्र अवस्थित दशगजामा रहेको सीमास्तम्भलाई कोरोना संक्रमणकालको कहरको बेलामा रातारात सारेर नेपाल भूमिमा गाडेर पुल निर्माण कार्यमा प्रत्यक्षरुपमै भारतीय एसएसबीले अवरोध खडा गरेको बताए।

यही मध्यमा परिक्रमालाई मध्यनजर गर्दै मुखियापट्टी मुसहरनीया गाउँपालिकाले तिर्थालुहरुलाई आवतजावतमा समस्या उत्पन्न नहोस् भनेर अस्थायी पुल निर्माण गर्ने क्रममा स्थानीयस्तरमा भेलासमेत डाकेको थियो।

सो भेलामा धनुषा- ३ का प्रतिनिधिसभा सदस्य जुली कुमारी महतोले पुल निर्माणका लागि पहल संघ सरकारबाटै पहल गर्ने र तत्काल नेपाल भूमिमा पर्ने गरि बेली ब्रिज स्थापना गर्ने योजना रहेको स्थानीयवासी समक्ष बताइन् ।

नेतृ महतोले भनिन्, 'विगतमा भारतीय पक्षले किन पुल निर्माण गर्न दियो, र अब सो पुल निर्माण क्षेत्र कसरी भारतमा पर्‍यो भन्ने प्रश्नको जवाफ दिनुपर्ने बताइन्। उनले अघि थप्दैं भनिन्, 'नेपाल-भारत सीमावर्ती जनताको प्राचीनकालदेखिकै सम्बन्ध रहेकोले दुवै देशका नागरिकलाई ख्याल गर्दै जनतालाई कुनै पनि समस्या वा कठिनाईबाट गुज्रिनु नपर्ने गरि जनताको दुःखको समस्याको समाधान हुनु पर्छ, यसका लागि दुवै देश गम्भीर हुनुपर्छ।'

तत्काल धार्मिक यात्रामा कुनै पनि बाधा व्यवधान उत्पन्न नहोस् भन्ने उद्देश्यले अस्थायीरुपमा निर्माण गरिएको पुल मध्यमा परिक्रमा समापन पछि भारतीय पक्षले पुल नै भत्काउने गरेको मुखियापट्टी मुसरहनीय गाउँपालिकाका अध्यक्ष जयकुमार यादवले बताए।

भारत सरकारले जग्गा नै दाबी गरे पछि निर्माणाधिन पुलको संरचना नै अलपत्र परेपछि यसको विकल्पमा आफ्नो भूमि तर्फ पर्ने जमुनी नदीमाथि बेलीब्रिज निर्माणका लागि सडक डिभिजन कार्यालयका प्राविधिक टोली, जनप्रतिनिधिहरु र स्थानीयवासीहरुको समेत सहभागिता रहेको थियो।

# आउँदो जेठदेखि मुखियापट्टी मुसहरनीयामा फ्रि वाइफाइ सेवा

टुडे समाचारदाता

जनकपुरधाम । मुलुककै सबैभन्दा होँचो गाउँ रहेको धनुषाको मुखियापट्टी मुसहरनीया गाउँपालिकामा निःशुल्क वाइफाइ सेवा दिने भएको छ।

आउँदो नयाँ वर्षको दोश्रो



महिनादेखि निःशुल्क वाइफाइ सेवा उपलब्ध गराउन सो गाउँपालिकाले इन्टरनेट प्रदायक कम्पनी सिबुसीसंग सम्झौता गरेको छ।

सिबुसी इन्टरनेट सेवाका लागि ई-बिडिङमा इन्टरनेट सेवा जडान गर्ने जिम्मा पाएको छ।

जस अनुसार भएको सो सम्झौतामा सिबुसीले इन्टरनेटसेवा जडानका लागि आफ्नो प्राविधिक काम अगाडि बढाएको छ । गाउँपालिकाका अध्यक्ष जयकुमार यादवले स्थानीय तहमा निर्वाचित हुनु अघि स्थानीय मतदातासंग 'फ्रि वाइफाइ' उपलब्ध गराउने वाचा गरेका थिए।

सोही अनुसार सो प्रक्रिया अगाडि बढाइएको गाउँपालिकाका अध्यक्ष जयकुमार यादवले बताए।

फ्रि वाइफाइ' सेवा सञ्चालनमा आएसंगै पालिकावासी पैसा खर्च नगरी इन्टरनेटको सुविधा पाउने भनेको छ।

'फ्रि वाइफाइ' उपलब्ध भएसंगै इन्टरनेट प्रयोग गर्न पालिकावासीले डेटा खरिद गरिरहेको खर्च बचत हुने अध्यक्ष यादवको भनाइ छ । अध्यक्ष यादवले 'फ्रि वाइफाइ' योजनाअन्तर्गत एकैपटक २० देखि २५ हजार मोबाइल प्रयोगकर्ताले इन्टरनेट सेवा प्रयोग गर्न पाउने बताए।

पालिकासंग सिबुसीको भएको सम्झौताअनुसार इन्टरनेट सेवा प्रदायक कम्पनी सिबुसीले पालिकाभर ४८ स्थानमा एक्सेस प्वाइन्ट जडान गर्नेछ। प्रति एक्सेस प्वाइन्ट मार्फत एकैपटक कम्तीमा ८ सय मोबाइल प्रयोगकर्ताले इन्टरनेट सेवा प्रयोग गर्न पाउने पालिकाले जनाएको छ।

डिपिआरमा ४१ स्थानमा एक्सेस प्वाइन्ट आवश्यक देखिए पनि इन्टरनेटको सहज उपलब्धताका लागि ४८ स्थानमा जडान भएको अध्यक्ष यादवले बताए।

उनले ४५ दिनभित्र एक्सेस प्वाइन्ट जडानसहित सम्पूर्ण प्राविधिक कार्य पूरा गरेर २०८१ जेठ १ गतेबाट 'फ्रि वाइफाइ' सेवा उपलब्ध गराउने लक्ष्य रहेको इन्टरनेट प्रदायक कम्पनीले जनाएको छ।

# अक्षर उत्सव मनाइयो

टुडे समाचारदाता



जनकपुरधाम । अक्षर विद्या मन्दिरले १० औं वार्षिकोत्सवको अवसरमा अक्षर उत्सव मनाएको छ।

जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साहको प्रमुख आतिथ्यमा भएको वार्षिकोत्सव कार्यक्रममा बालबालिकाहरुले कृष्णलिलामा आधारित नाट्य मञ्चन गरेको थियो ।

जनकपुरधाम स्थित महेन्द्रनारायण सांस्कृतिक भवन केन्द्रमा भएको सो नाट्य मञ्चनमा बालबालिकाहरुले उत्साहपूर्वक आ-आफ्नो तर्फबाट भूमिका निर्वाह गरेका थिए।

सो अक्षर उत्सवमा अक्षर विद्या मन्दिरमा अध्ययनरत विद्यार्थीहरुको अभिभावकहरुको समेत सहभागिता रहेको थियो।

# बसको ठक्करबाट घाइते, बसमा आगजनी

टुडे समाचारदाता



मलंगवा । सर्लाहीमा बसले ठक्कर दिँदा एकजना घाइते भएको छ। बसले ठक्कर दिएको देखे पछि आक्रोशित स्थानीयवासीले बसमै आगजनी गरेको छ।

जिल्लाको कविलासी नगरपालिका वडा नम्बर १० स्थित सलेमपुर चोकमा जनकपुरधामबाट मलंगवा आउने क्रममा ग २ ख १४४० नम्बरको मिकरानी ट्राभल्सले ठक्कर दिँदा स्थानीय ५५ वर्षिय जुगलकिशोर महतो घाइते भएको छ।

कविलासी नगरपालिका वडा नम्बर १० का घाइते महतोको उपचार प्रादेशिक अस्पताल मलंगवामा हुन नसक्दा उनको थप उपचारको लागि वीरगंजस्थित अस्पतालमा रेफर गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

घाइते महतोको दाहिने खुटा भाचिएको छ भने देब्रे खुटामा गम्भीर चोटपटक लागेको छ। त्यस्तै उनको ढाड र हातमा समेत चोटपटक लागेको सर्लाही प्रहरीले जनाएको छ।

बसले महतोलाई ठक्कर दिएपछि स्थानीयवासीहरुले बसमा आगजनी गरेको थियो। आगोले बस जलेर पुर्ण रुपमा क्षतिग्रस्त भएको छ।

# निर्माण व्यवसायी आन्दोलित हुँदा अस्पताल र केन्द्रको प्रशासनिक भवन निर्माण कार्य प्रभावित

टुडे समाचारदाता



राजविराज । सम्झौता अनुसार कार्यालय भवन निर्माणको काम गर्दा पनि विभिन्न वहाना देखाउँदै भुक्तानी दिन आलटाल गरेपछि आफू साह्रै मार्कामा परेको भनी एक निर्माण व्यवसायीले गुनासो गरेका छन् ।

राजविराज ७ निवासी राधाकृष्ण निर्माण सेवाका प्रोपराइटर कौशल्या कुमारी रजकले सोमबार पत्रकार सम्मेलनको आयोजना गर्दै यस्तो गुनासो गरेकी छिन् । उनले काम गरेको भुक्तानी समयमा नपाउँदा आफ्नो परिवार आर्थिक, सामाजिक तथा मानसिक तनाव खेप्न बाध्य भएको बताउँदै न्यायका लागि पहल गरिदिन संचारकर्मी, अधिकारकर्मी, स्थानिय प्रशासन र सरोकारवाला सबैसँग आग्रह समेत गरेकी छिन् ।

पत्रकार सम्मेलनमा उक्त निर्माण कम्पनीका निर्देशन बिनोद साफीले मधेश प्रदेश सरकारको बजेटबाट भेटेनेरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सप्तरीको प्रशासनिक भवन निर्माण कार्यको लागि २०८० बैशाख २६ गते सम्झौता भएको जानकारी दिए। सम्झौतामा मधेश प्रदेश सरकार श्री भेटेनेरी अस्पताल पशु सेवा विज्ञ केन्द्र सप्तरीका तर्फबाट तत्कालिन कार्यालय प्रमुख प्रभात कुमार झा (प्रथम पक्ष) र श्री राधाकृष्ण निर्माण सेवाका तर्फबाट प्रोपराइटर कौशल्या कुमारी रजक (दोश्रो पक्ष)ले हस्ताक्षर गरेकी छिन्।

पहिलो चरणको ग्राउण्ड लेभलको काम पुरा गरेपछि सम्झौता अनुसार निर्माण कम्पनीले मुल्य अभिबृद्धि कर कटाएर ४५ लाख भुक्तानी पनि पाएका थिए। त्यसपछि पहिलो तल्लाको गरिएको निर्माण कार्यको रकम भने विभिन्न बहानामा रोकिएको निर्माण कम्पनीका निर्देशक साफीको भनाई छ।

"दोश्रो चरणमा तोकिएको समय सीमा भित्रै पहिलो तल्लाको भवन निर्माणको काम पनि सक्यौं, निर्देशक साफीले भने, "तर, त्यसमा लागेको खर्च ६६ लाख २६ हजार ५ सय ४२ रुँपैया हालसम्म भुक्तानी पाउन सकेका छैनौं।"

उनले दोश्रो चरणको काम सकिएको भन्दै प्राविधिक रिपोर्ट लगायतका अन्य आवश्यक सबै विवरणसहितको कागजात उपलब्ध गराएपछि तत्कालिन प्रमुख झाले भुक्तानीका लागि तोक लगाएको र उनको सोही समयमा अन्यत्र सरुवा भएपछि लेखापाल र नयाँ आएका कार्यालय प्रमुख शंकर साहले विभिन्न वहाना देखाउँदै भुक्तानी रोकेको बताए। उनले बहुवर्षिय योजना बमोजिम समयमै काम सम्पन्न गर्दै जाँदा पनि भुक्तानी रोकिनुले निर्माण कम्पनीको ठूलो लगानी फसेर अन्य कामकाज समेत प्रभावित बन्न पुगेको बताए।

समयमा काम गरेको रकम नपाउँदा भवन निर्माणको थप काम समयमै सम्पन्न गर्न कठिनाई भएको भन्दै निर्माण कम्पनीले सोबाट हुने क्षति समेतको जिम्मेवार कार्यालय नै हुने भनी पटक पटक उक्त कार्यालयका साथै मधेश प्रदेशको भूमि, ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र स्थानिय प्रशासनलाई पनि लिखित र मौखिक जानकारी गराई सकेको उनले जानकारी दिएका छन्।

तर, हालसम्म कुनै पहल नभएको उनको भनाई छ। निर्माण व्यवसायी सप्तरीका अध्यक्ष सतिशचन्द्र मिश्रले काममा लगाएर यसरी निर्माण व्यवसायीको लगानी रोकेर राख्नु उचित नभएको बताएका छन् । उनले उक्त निर्माण कम्पनीले निर्धारित समयमै सम्पन्न गरेको कामको पैसा अविलम्ब पाउनु पर्ने भन्दै यसका लागि संघले पनि पहल थालेको बताए।

यता भेटेनेरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सप्तरीका प्रमुख शंकर साहले अहिलेसम्म भएका निर्माण कार्यको रकम सम्बन्धीत निर्माण कम्पनीले पाउनु पर्ने पक्षमा आफू पनि रहेको भएपनि केही कारणले भुक्तानीमा समस्या भएको जनाएका छन्।

"एकातिर गत वर्ष महालेखा परिक्षकको अडिट रिपोर्टमा उक्त निर्माण कार्यमा केही त्रृटीहरु देखाइएको छ, अर्कोतिर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि छानबिन गरिरहेको अवस्था छ, उनले भने, "बहुवर्षिय योजनालाई भुमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मार्फत अर्थ मन्त्रालयमार्फत पूर्व स्वीकृती गराइनु पर्ने प्रावधान पनि पुरा गरेको देखिएन्, यी लगायतका कारणले भुक्तानीमा ढिलाई भएको हो।" यद्पी काम भएजतिको भुक्तानी ठेकेदारले पाउनु पर्छ भनी मान्यताका साथ आफूले पनि प्रयास थालेको उनको भनाई छ।

# वीरगञ्ज उधोग वाणिज्य संङ्घको ४८ औं वार्षिक साधारण सभा सम्पन्न

अनिल तिवारी

वीरगञ्ज । उधोग व्यवसाय क्षेत्रको गुनासो प्रति सरकार सम्बेदनशिल नभएको गुनासो व्यक्त गरिएको छ। वीरगञ्ज उधोग वाणिज्य संघको ४८ औं वार्षिक साधारण सभामा उधोगी व्यापारीहरुले यस्तो गुनासो व्यक्त गरेका हुन ।सुमधुर




सम्बन्ध,सम्मानजनक व्यवहार,सुदृढ निजीक्षेत्र,नया नेपालको आधार नाराका साथ वीरगन्ज उधोग वाणिज्यसंघको ४८औ साधारण सभा सम्पन्न भएको छ ।मुलुककै पुरानो उधोग वाणज्य संघको रुपमा रहेको वीरगन्ज उधोग बाणिज्य संघका पदाधिकारीहरुले पुरानै गुनासो पुन व्यक्त व्यक्त गरेका छन । उधोग व्यापार सहजि र मुलुकको दिगो आर्थिक विकासले आफु आफुहरुले राखेको गुनासो प्रति सरकार उदासिन भएको दुखेसो पुन व्यक्त गरेका छन। ४८ औं वार्षिक साधारण सभाका प्रमुख अतिथि नेपाल उधोग वाणिज्य महासंघका केन्द्रिय अध्यक्ष चन्द्रप्रसाद ढकालले रसिया-युक्रेन युद्धको कारण प्रभावबाट नेपाल पनि बन्चित हुन नसकेको बताउनु भयो । निजिक्षेत्रले सरकारलाई दिएको सुझाव समयमा कार्यान्वयन नभएको कारण मुलुकमा आर्थिक संकट आएको उधाको भनाइ थियो।

वीरगंञ्ज उधोग वाणिज्य संङ्घको निति तथा कार्यक्रम बारे जानकारी गराउदै वीरगन्ज उधोग वाणिज्य संघका अध्यक्ष अनिल कुमार अग्रवालले मोफसलका उद्योग व्यवसायसँग सम्बन्धित समस्याको समाधान गर्ने दिशामा केन्द्रको प्रभावकारी नभएको गुनासो व्यक्त गर्नुभयो । उद्योग र व्यवसाय क्षेत्रको वर्तमान अवस्था यस क्षेत्रलाई प्रभाव पार्ने नीति, नियम र क्रियाकलापहरुका साथै दिगो आर्थिक विकास तर्फ कुनै पनि सरकार सम्बेदनशिल नभएको उहाको भनाइ थियो । अपारदर्शीशुल्क, बढदो भंसार र करका दरहरु, जटिलप्रशासनिक प्रक्रियाहरु,गैर-भंसार अवरोधका जस्ता अनेकन निति नियमले निरिह बनेको निजिक्षेत्र मृतअवस्थामा पुगेको गुनासो अध्यक्ष अग्रवालले व्यक्त गर्नु भयो।

त्यस्तै नेपाल उद्योग वाणिज्य संङ्घका केन्द्रिय सदस्य डा.सुबोध गुप्ताले उधोगी व्यवसायीहरुको आवस्था दिनप्रतिदिन खराब हुदै गएको र कतिपय कलकारखाना बन्द हुने अवस्थामा पुगेको बताउनु भयो। केन्द्रिय सदस्य गुप्ताले बिधुत प्राधिकरणको पुर्वसुचना बिनाको अघोसित ८ देखि १२ बारह घण्टा सम्म लोडसेडिङ प्रति सरकारको ध्यानाकर्षण गराउने भयो।

नेपाल उधोग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालको प्रमुख अतिथिमा भएको वार्षिक साधारणमा विशिष्ट अतिथि नेपाल उद्योग वाणीज्य सङ्घकी उपाध्यक्ष सुरकृषण बैध,उपाध्यक्ष हेमराज ढकाल, उपाध्यक्ष जोतसना श्रेष्ठ,बिरगंज उधोग वाणिज्य संघका उपाध्यक्ष माधव राजपाल,जिल्ला प्रसासन कार्यालय पर्साका प्रशासकीय अधिकृत बिनय श्रीवासतव,भारतिय महावाणिज्य दूतावासका महावाणिज्यदूत देवीसहाय मिणा, नेपाल उधोग वाणिज्य संङ्घका मधेश प्रदेश अध्यक्ष असोक कुमार टेमानी,लगायतको व्यक्तिहरुको सहभागीता रहेको थियो।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८